नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

● वर्ष ४ ● अंक १२० ● २०८२ साल चैत्र ०५ गते बिहीबार ● Thursday 19, March 2026 ● सूर्योदयः बिहान ०६:१० बजे ● सूर्यास्तः साँझ ०६:१५ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:

9854028218
9802592799
9803474311
9817806395

## रास्वपाको योजना समग्र देशको विकास गर्नु होः लामिछाने

समाचार पृष्ठ ५ मा



### कलैया यातायातमा 'लाइसेन्स माफिया'को जालोः

## फेल भएकासमेत पैसामा पास, ट्राफिकसम्मको मिलोमतो




**हरिशंकर शर्मा**
**कलैया।**

बारा जिल्लाको कलैयास्थित यातायात व्यवस्था कार्यालयमा वर्षौंदेखि संगठित भ्रष्टाचार र अनियमितताको जालो फैलिएको गम्भीर आरोप सतहमा आएको छ । सवारी चालक अनुमतिपत्र (लाइसेन्स) जस्तो संवेदनशील सेवा यहाँ पूर्णतः 'व्यापार'मा परिणत भएको भन्दै सेवाग्राहीहरू आक्रोशित बनेका छन् । सेवाग्राहीहरूका अनुसार, लिखित र ट्रायल परीक्षामा असफल भएकाहरूलाई समेत निश्चित रकम लिएर पास गराउने 'खुलेआम धन्दा' सञ्चालन भइरहेको छ । मोटरसाइकलदेखि हेभी सवारीसम्मका लागि १० हजारदेखि ७० हजार रुपैयाँसम्म दर तोकिएको बताइन्छ । अझ गम्भीर आरोप के छ भने, कम्प्युटर प्रणालीमै पास देखिने गरी रेकर्ड मिलाइने, सिसिटिभी फुटेज हटाउने वा सम्पादन गर्ने, लिखित परीक्षामा कर्मचारीले नै उत्तर भर्ने र ट्रायलमा अर्कै दक्ष चालक प्रयोग गरिने जस्ता कार्यहरू भइरहेको दाबी गरिएको छ।

पैसाको भरमा सहजै लाइसेन्स हात पार्ने अभियानको कारण कलैया यातायात कार्यालय 'लाइसेन्स किनबेचको अड्डा' का रूपमा चिनिँदै आएको छ । यहाँ बारा र पर्साका भन्दा बढी हेटौडा माथिका पहाडी जिल्लाबाट सेवाग्राहीहरू आउने गरेका छन् । हेटौडा, काठमाडौं, नुवाकोट, पाल्पा, सिन्धुपाल्चोक लगायतका क्षेत्रबाट लाइसेन्स नपाएका व्यक्तिहरूलाई विचौलियामार्फत कलैया ल्याएर लाइसेन्स दिलाउने गरिएको कर्मचारी स्रोतको दाबी छ । विचौलियाहरूले समूहमा सेवाग्राही जम्मा गरी सवारी बुकिङमार्फत कलैया ल्याउने र निश्चित रकम लिएर लाइसेन्स उपलब्ध गराउने कार्य लामो समयदेखि सञ्चालनमा रहेको बताइन्छ । यसले सरकारी सेवा प्रणालीमाथि नै गम्भीर प्रश्न उठाएको छ।

यसबीच नुवाकोट जिल्लाका एक महिला सेवाग्राहीले ४० हजार रुपैयाँ तिरेर लाइसेन्स 'किनेको' प्रमाण समेत फेला परेको छ । पटक–पटक लिखित र ट्रायलमा असफल भएकी एक महिलाले विचौलियामार्फत ४० हजार रुपैयाँ बुझाएर लाइसेन्स प्राप्त गरेको बताइएको छ । उनले कलैयास्थित एक होटलमा दलालहरूलाई खाजाखर्चबापत थप १५ हजार रुपैयाँ समेत तिरेको जानकारी स्रोतले दिएको छ । यो केवल एक उदाहरण मात्र भएको र यस्ता धेरै घटनाहरू फेला परेको छ । ट्रायलमा फेल भएका व्यक्तिहरू समेत अन्ततः पास देखिनु र लाइसेन्स हात पार्नुले भ्रष्टाचारको जालो कति गहिरो छ भन्ने स्पष्ट पार्छ।

यस प्रक्रियामा जिल्ला ट्राफिक प्रहरी कार्यालय बाराको समेत मिलोमतो रहेको पाइएको छ । ट्रायल सेन्टरमा ट्राफिक प्रहरी बरिष्ठ सईको उपस्थिति हुँदाहुँदै पनि फेल सेवाग्राहीहरू पास हुनुले प्रहरीको भूमिकामाथि समेत गम्भीर प्रश्न उठाएको छ । कलैयाबाट दैनिक सयौं जनालाई 'सेटिङ'का आधारमा लाइसेन्स वितरण भइरहेको बताइन्छ । यहाँ दलालहरूको ठूलो सञ्जाल सक्रिय रहेको छ । ती विचौलियाहरूले काठमाडौंमै कार्यालय खोलेर सेवाग्राही जम्मा गर्ने र समूहमा कलैया ल्याएर लाइसेन्स दिलाउने व्यवस्था मिलाएका छन्।

दूरदराजबाट आउने सेवाग्राहीलाई लक्षित गर्दै यहाँ विशेष 'फास्ट ट्र्याक' प्रणाली विकास गरिएको छ । जसअनुसार, बिहान ११/१२ बजेसम्म कार्यालय पुगेपछि दिउँसो १२ देखि २ बजेसम्म फारम भर्ने र बायोमेट्रिक गर्ने, त्यसपछि ३ बजे लिखित परीक्षा दिने र भोलिपल्ट ट्रायल दिएर लाइसेन्स हात पार्ने व्यवस्था गरिएको छ । 'एक रात कलैयामा बस्ने, अर्को दिन लाइसेन्स लिएर फर्कने' यो मोडेलले व्यापक रूपमा ध्यान खिचेको छ । तर सेवाग्राहीहरूका अनुसार यो सुविधा सहज सेवाका लागि नभई 'लाइसेन्स किनबेच'लाई व्यवस्थित बनाउन तयार गरिएको प्रणाली हो।

अधिकांश पास हुने सेवाग्राहीहरू पहाडी जिल्लाका हुने गरेको र उनीहरू प्रायः विचौलियामार्फत आउने गरेको बताइन्छ । प्रश्न उठ्छ के ती जिल्लाहरूमा यातायात कार्यालय छैनन् ? छन्, तर त्यहाँ पैसा तिरेर लाइसेन्स 'किन्ने' वातावरण नभएकाले असफल भएका सेवाग्राहीहरू कलैया धाउने गरेको उनीहरूको भनाइ छ । ट्रायल सेन्टर वरिपरि सजिलै देख्न सकिने पहाडी जिल्लाबाट आएका सेवाग्राही र उनीहरूले रिजर्भ गरेका सवारी साधनहरूले यो दाबीलाई थप पुष्टि गर्ने स्थानीयहरू बताउँछन् । यातायात कार्यालयले सार्वजनिक गर्ने लिखित तथा ट्रायल पास सूचीमा समेत विभिन्न जिल्लाबाट आएका सेवाग्राहीहरूको उल्लेखनीय उपस्थिति देखिनुले शंका अझ गहिरो बनाएको छ।

सवारी चालक अनुमतिपत्र जस्तो महत्वपूर्ण दस्तावेज पैसाको भरमा वितरण हुनु केवल प्रशासनिक कमजोरी मात्र नभई सडक सुरक्षामाथि गम्भीर खतरा हो । योग्यताविहीन चालकहरू सडकमा आउँदा दुर्घटनाको जोखिम बढ्ने निश्चित छ । यस प्रकरणले सम्बन्धित निकायको गम्भीर ध्यानाकर्षण गराएको छ । अब आवश्यकता छ निष्पक्ष छानबिन, दोषीमाथि कडा कारबाही र प्रणालीगत सुधारको । अन्यथा, कलैया यातायात कार्यालय 'लाइसेन्स माफिया'को अखडाकै रूपमा चिनिँदै जाने खतरा बढ्दो छ।

## सिके राउतले संसदीय राजनीति त्याग्ने घोषणापछि पार्टी के होला ?



**मधेशदृष्टि**
**जनकपुरधाम।**

जनमत पार्टीका अध्यक्ष सीके राउतले संसदीय राजनीति त्यागेको घोषणा गरेपछि पार्टीभित्र मिश्रित प्रतिक्रिया देखिएको छ । राउतले अब प्रत्यक्ष संसद् राजनीति नगरी पार्टीको संगठनात्मक काम र संघर्षमुखी राजनीति नै प्राथमिकता दिने बताएका छन्।

उनको निर्णय फिर्ता लिन केही नेताहरूले आग्रह गरेका छन् । पार्टीका महासचिव चन्दन सिंहले भने, 'हामीले अध्यक्षलाई पुनर्विचार गर्न भनेका छौँ।

मधेश अहिले राजनीतिक रूपमा चुनौतीपूर्ण अवस्थामा छ, त्यसैले पार्टीबाट संसदमा मुद्दा उठाउने सक्षम नेतृत्व आवश्यक छ । तर उहाँले जवाफ दिनुभएको छैन ।' यद्यपि, उनले अध्यक्षको निर्णय व्यक्तिगत भएकोले यसबारे धेरै टिप्पणी गर्न नमिल्ने बताए।

स्वतन्त्र मधेश आन्दोलनबाट उदाएका राउतले २०७५ सालमा जनमत पार्टी स्थापना गरी मूलधारको राजनीतिमा प्रवेश गरेका थिए । २०७९ को प्रतिनिधिसभा निर्वाचनमा उनी सप्तरी–२ बाट प्रत्यक्ष उम्मेदवार बनेर उपेन्द्र यादव लाई पराजित गर्दै राष्ट्रिय ध्यान खिचेका थिए । राउतले आफू दुई पटक व्यक्तिगत इच्छाविपरीत चुनाव लडेको दाबी गरेका छन् । उनले स्पष्ट पारेका छन् कि अब भविष्यमा पद र संसदीय राजनीतिप्रति कुनै लोभ नराख्नेछन् र राजनीति नछाडी संघर्षमार्फत जनताको सेवा गर्नेछन् । आगामी स्थानीय तथा प्रदेश तहको निर्वाचनका लागि पार्टीलाई तयारी अवस्थामा राख्न पनि उनले निर्देशन दिएका छन्।

जनमत पार्टीका सचिव एवं मधेश प्रदेशसभा सदस्य संजय यादवले राउतको कदमलाई साकारात्मक रूपमा मूल्याङ्कन गर्दै भने, 'अध्यक्षले मधेशमा नमुना काम प्रस्तुत गर्नुभएको छ।

संसदीय राजनीति त्याग्नुको उद्देश्य पार्टी नेतृत्व र संगठन सुदृढीकरण गर्नु हो । अब उहाँले आफूजस्तै नेता तयार गरेर संसदमा पठाउनुहुनेछ, संसदमा एक जना सीके होइन, अब धेरै सीके हुनेछन् ।'

## धनुषामा ३२ हजार सिलिन्डर ग्यास आपूर्ति

**मधेशदृष्टि**
**जनकपुरधाम।**

जिल्ला प्रशासन कार्यालय धनुषाले जिल्लामा ग्यास आपूर्ति नियमित भइरहेको जानकारी दिँदै उपभोक्तालाई अनावश्यक रूपमा ग्यास स्टक नगर्न आग्रह गरेको छ।

प्रशासनका अनुसार, धनुषास्थित नोबेल ग्याँस कम्पनीबाट फागुन २९ गतेदेखि चैत २ गतेसम्म २५ हजार ९ सय ५० आधा सिलिन्डर ग्यास बजारमा आपूर्ति गरिएको छ । त्यस्तै, चैत ३ गते मात्रै थप ७ हजार सिलिन्डर आपूर्ति गरिएको प्रशासनलाई कम्पनीले जानकारी दिएको छ । यसरी छोटो अवधिमा कुल ३२ हजार ९ सय ५० सिलिन्डर ग्यास बजारमा पुगेको छ।

प्रशासनले पर्याप्त ग्यास उपलब्ध भएकाले उपभोक्तालाई अनावश्यक भण्डारण नगर्न अनुरोध गरेको छ । साथै, डिलर र बिक्रेतालाई इमान्दारीपूर्वक ग्यास वितरण गर्न निर्देशन दिँदै कृत्रिम अभाव सिर्जना नगर्न सचेत गराएको छ । जिल्ला प्रशासन कार्यालयले बजार अनुगमन निरन्तर जारी रहने र आपूर्ति व्यवस्थामा कुनै अवरोध नहोस् भनी सतर्कता अपनाइने जानकारी पनि दिएको छ।

## हेलिकप्टर दुर्घटनालगत्तै इन्जिन अफले मानवीय क्षति जोगियो

**केदार मगर**
**खोटाङ।**



केपिलासगढी गाउँपालिका–२ खार्तम्छास्थित बालाबेंसीमा बुधबार एयर डाइनेष्टी कम्पनीको हेलिकप्टर दुर्घटना हुँदा छ जना घाइते भएका छन् । काठमाडौँबाट पाँच यात्रु लिएर दिउँसो १२ बजेर २ मिनेट जाँदा खार्तम्छास्थित बालाबेँसी आइपुगेको हेलिकप्टर अवतरणको क्रममा भित्तामा ठोक्किएको थियो।

चालकसहित छ जना सवार एयर डाइनेष्टीको नाइन एन–एएफक्यू नम्बरको हेलिकप्टर दुर्घटना हुँदा हेलिकप्टरमा सवार ललितपुर निवासी ६५ वर्षीय काजीबहादुर राई घाइते भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक प्रकाश बुढाथोकीले जानकारी दिए । दुर्घटनामा परेका काजीबहादुरको दाहिने खुट्टा र आँखामा चोट लागेको जनाइएको छ।

घाइते काजीबहादुर र चालक सविन थापालाई एयर डाइनेष्टी कम्पनीकै नाइन–एनएएनए नम्बरको अर्को हेलिकोप्टरबाट १२ः३५ बजे नै उपचारका लागि काठमाडौँ पठाइएको छ । खार्तम्छाका वडाध्यक्ष मिलन राईका अनुसार काजीबहादुरलाई दुर्घटनाग्रस्त हेलिकप्टरले थिचिरहेको अवस्थामा उद्धार गरिएको हो।

हेलिकप्टरमा एक महिनाअघि बेलायतमा निधन भएकी बालाबेँसी निवासी ७७ वर्षीया मनलक्ष्मी राईको शव अन्त्येष्टि गर्न मृतकका आफन्तहरु आएका थिए । मृतकका श्रीमान् ८२ वर्षीय डाकमणि राई, छोरा ५३ वर्षीय बालकुमार राई, छोरी ४७ वर्षीया लक्ष्मी राई, आफन्त ४० वर्षीया समला राई र ललितपुर घर भएका घाइते काजीबहादुर हेलिकोप्टरमा सवार रहेको प्रहरीले जनाएको छ।

आफन्तका अनुसार मृतक मनलक्ष्मीको शव भने गाडीमार्फत भोलि बिहीबार बालाबेँसी आइपुग्ने व्यवस्था मिलाइएको थियो । हेलिकप्टर दुर्घटनामा परेका आफन्त भने सकुशल रहेको वडाध्यक्ष राईले जानकारी दिए । दुर्घटनालगत्तै चालकले इञ्जिन अफ गरेपछि थप क्षति हुन नपाएको हेलिकोप्टरमा सवार बालकुमार राईले बताए।

'घटना सम्झिँदा सपनाजस्तो लाग्छ । सबैको होस् उडिसकेको थियो । म अगाडिको सिटमा बसेको थिएँ,' उनले भने, 'यस्तो दुर्घटना हुँदा पनि बाँच्न सकियो । चालकले तत्कालै इञ्जिन अफ गर्नुभयो । चलिरहेको इञ्जिन अफ भएपछि थप क्षति हुनबाट जोगियौँ।'

एयर डाइनेष्टी कम्पनीका क्याप्टेन सविनसँग सात वर्षको कार्यअनुभव र कूल एक हजार १ सय ५ घण्टा हेलिकप्टर उडाएको रेकर्ड रहेको कम्पनीले विज्ञप्तिमार्फत जनाएको छ । उडानका क्रममा कुनै प्राविधिक समस्या आएको हो वा अन्य कारण, त्यसबारे कम्पनीले अहिले केही खुलाएको छैन।

एयर डाइनेष्टीका प्रवक्ता एवम् वरिष्ठ प्रबन्धक बालकृष्ण पण्डितले जारी गरेको विज्ञप्तिमा घटनाको यथार्थ कारण पत्ता लगाउन सम्बन्धित निकायसँग समन्वय भइरहेको उल्लेख छ । बारीको डिलमा अवतरण गरिएको हेलिकप्टर पुनः उठाएर बारीको बीचमा लैजान खोज्दा पछाडिको भाग पल्टिएर दुर्घटना भएको थियो। दुर्घटनाग्रस्त हेलिकप्टरको पंखा र पुच्छर टुक्रिएको अवस्थामा बारीको कुनामा थुप्रिएको छ । बालाबेँसीमा भएको हेलिकप्टर दुर्घटनाको अनुसन्धान तथा सर्जमिन गर्न अर्को हेलिकप्टरमा काठमाडौँबाट विज्ञ टोली आएर अनुसन्धानपछि फर्किएको स्थानीयले बताएका छन्।

## अन्तरजातीय विवाह गरेकी युवती मृत फेला

**मधेशदृष्टि**
**जनकपुरधाम।**



अन्तरजातीय विवाह गरेकी २५ वर्षीया विभाकुमारी महतो आफ्नै घरमा मृत फेला परेपछि घटना संवेदनशील मोडमा पुगेको छ । मृतकका माइती पक्षले हत्या भएको आरोप लगाउँदै कडा कानूनी कारबाहीको माग गरेका छन् भने प्रहरीले प्रारम्भिक रूपमा आत्महत्या दुरुत्साहनको मुद्दामा अनुसन्धान अघि बढाएको छ।

घटना धनुषाको गणेशमान चारनाथ नगरपालिका–४ की विभाकुमारी महतोको घरमा भएको हो । उनको पति मुकेश धनखोटी यादवविरुद्ध माइती पक्षले आत्महत्या दुरुत्साहनको किटानी जाहेरी दिएका छन् । मृतकका दाजु मनिषकुमार महतोले बहिनीमाथि लामो समयदेखि शारीरिक र मानसिक यातना दिइँदै आएको आरोप लगाएका छन्।

माइती पक्षका अनुसार विवाहको पाँच वर्षपछि सन्तान नभएको विषयमा विभालाई पटक–पटक दुव्र्यवहार गरिन्थ्यो । घटनास्थलमा विभाको शरीरमा नीलडाम समेत देखिएको थियो, जसले हत्या भएको आशंका बढाएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक गणेशबहादुर बमका अनुसार पोस्टमार्टम रिपोर्ट र अन्य प्रमाणको आधारमा घटनाको वास्तविक कारण पत्ता लगाउन विस्तृत अनुसन्धान भइरहेको छ । मुकेशलाई नियन्त्रणमा राखेर अनुसन्धान जारी राखिएको जनाइएको छ।

# आगामी नेतृत्व सर्वसम्मत हुनुपर्नेमा अध्यक्ष ढकालको जोड

**काठमाडौँ ।**
नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले महासङ्घको आगामी नेतृत्व सर्वसम्मत रूपमा चयन गर्नुपर्नेमा जोड दिएका छन् ।
ललितपुर उद्योग वाणिज्य महासङ्घको ५९औँ स्थापना दिवसका अवसरमा बुधबार आयोजित कार्यक्रममा अध्यक्ष ढकालले महासङ्घभित्र सहमति र सहकार्यमार्फत नेतृत्व चयन गर्नसके संस्थागत एकताको आधार हुने बताए । उनले निजी क्षेत्रको साझा संस्था भएकाले यसको नेतृत्व पनि साझा सहमतिमै चयन हुँदा महासङ्घ अझ सशक्त र प्रभावकारी बन्ने धारणा राखे ।
अध्यक्ष ढकालले ललितपुरलाई मौलिक उत्पादनको सहरका रूपमा विकास गर्दै यहाँको उत्पादनको गुणस्तर कायम राख्दै उत्पादन पनि बढाउनुपर्नेमा जोड दिए । 'यहाँका परम्परागत सीप, कला र स्थानीय उत्पादनलाई प्रवद्र्धन गर्नसके निर्यात वृद्धि गर्ने ठूलो सम्भावना रहेको छ । तर मौलिक उत्पादनलाई अन्तरराष्ट्रिय बजारसँग जोड्न गुणस्तरसँगै परिमाण पनि बडाउन आवश्क छ,' उनले भने ।
उनले निजी क्षेत्रको आवाजलाई राज्यले गम्भीरतापूर्वक सुन्नुपर्ने र नीति निर्माण प्रक्रियामा निजी क्षेत्रको प्रभावकारी सहभागिता सुनिश्चित गर्नुपर्नेमा जोड दिँदै त्यसका लागि निजी क्षेत्रको एउटै आवाज हुनुपर्ने धारणा राखे ।
अध्यक्ष ढकालले जिल्ला तथा नगरस्तरबाट उठेका माग र सुझावलाई समेट्दै महासङ्घको विधान संशोधन गरिएको जानकारी दिँदै उनले यसले सङ्गठनलाई थप समावेशी, प्रतिनिधिमूलक र सुदृढ बनाउने विश्वास व्यक्त गरे । संशोधित विधानले जिल्ला नगर तथा महिला उद्यमीको प्रतिनिधित्व बढ्ने बताए ।रासस

# चैत १२ गते नवनिर्वाचित सांसदहरुको शपथ

**मधेशदृष्टि**
**वीरगंज ।**
नवनिर्वाचित सांसदहरूको शपथका लागि अस्थायी हल निर्माणको काम अन्तिम चरणमा पुगेको छ । संघीय संसद् सचिवालयका प्रवक्ता सहसचिव एकराम गिरीका अनुसार चैत १२ गते शपथग्रहण कार्यक्रम आयोजना गर्ने तयारी भइरहेको छ ।
सिंहदरबारभित्र निर्माणाधीन नयाँ संसद् भवन अझै पूर्ण रूपमा तयार नभएकाले अस्थायी हल बनाएर कार्यक्रम सञ्चालन गर्ने तयारी गरिएको हो । शपथ कार्यक्रमका लागि हलमा माइक र बत्ती जडान लगायतका काम धमाधम भइरहेको छ ।
जेन्जी आन्दोलनका क्रममा पुरानो संसद् भवनमा आगलागी भएपछि वैकल्पिक स्थानको आवश्यकता परेको हो ।
सोहीअनुसार सिंहदरबारमा निर्माणाधीन भवनभित्रको बहुउद्देश्यीय हललाई अस्थायी रूपमा व्यवस्थापन गरिएको छ । हल केही दिनभित्रै पूर्ण रूपमा तयार हुने अपेक्षा गरिएको प्रवक्ता गिरीले जानकारी दिए ।

# नवनिर्मित प्रहरी चौकी प्रशासनिक भवन उद्घाटन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
भारतीय सीमासँग जोडिएको महोत्तरीको मटिहानी नगरपालिका–८ मा नयाँ प्रहरी चौकी प्रशासनिक भवन उद्घाटन गरिएको छ । बुधबार आयोजित कार्यक्रममा नगरप्रमुख हरिप्रसाद मण्डल, महोत्तरीका निमित्त प्रमुख जिल्ला अधिकारी संजय कुमार पोखरेल, जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक हेरम्भ शर्मा तथा वडा नं. ६, ७, ८ र ९ का वडा अध्यक्षहरूले संयुक्त रूपमा भवन उद्घाटन गरे ।
नगरस्तरीय र वडास्तरीय संयुक्त योजनाअन्तर्गत करिब ३२ लाख रुपैयाँ लागतमा निर्माण गरिएको भवनले मटिहानी क्षेत्रमा प्रहरी सेवा प्रवाहमा ठूलो योगदान पुर्याउने नगरप्रमुख मण्डलले बताए । उनले महोत्तरी सदरमुकाम जलेश्वरपछि मटिहानीमै पहिले भाडाको घरमा सञ्चालन हुँदै आएको प्रहरी चौकी अब आफ्नै भवनमा रहेर सेवा दिन सक्षम भएको स्मरण गराए ।
प्रहरी उपरीक्षक हेरम्भ शर्माका अनुसार, जिल्लाका अन्य चौकीहरू जिर्ण अवस्थामा छन् र मटिहानीमा निर्माण भएको सुविधा सम्पन्न भवन अन्य स्थानीय तहका लागि उदाहरण बन्नेछ । भारतीय सीमासँग जोडिएको यस क्षेत्रमा आफ्नै भवन सञ्चालनमा आएपछि शान्ति सुरक्षा व्यवस्थापन थप सहज हुने उनको भनाइ थियो ।
नवनिर्मित भवनमा हल, थुनुवा कक्ष, चौकी प्रमुख कक्ष, सहायक चौकी प्रमुख कक्ष, स्टोर रूम तथा कार्यालय कक्ष रहेका छन् । भवन सञ्चालनमा आएसँगै स्थानीय स्तरमा शान्ति सुरक्षा व्यवस्थापन अझ प्रभावकारी हुने र सेवाग्राहीलाई व्यवस्थित सेवा प्रवाह हुने अपेक्षा गरिएको छ ।

# प्रधानसेनापति सिग्देलद्वारा समसामयिक परिस्थितिबारे छलफल



**काठमाडौँ ।**
प्रधानसेनापति अशोकराज सिग्देलले समसामयिक परिस्थितिका सम्बन्धमा पूर्वप्रधान सेनापतिहरूसँग छलफल गरेका छन् ।
सैनिक मुख्यालय जङ्गीअड्डामा पूर्व प्रधानसेनापतिहरू प्यारजङ्ग थापा, गौरवशम्शेर राणा, राजेन्द्र क्षत्री, पूर्णचन्द्र थापा र प्रभुराम शर्मासँग उनले छलफल र अन्तरक्रिया गरेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

# हुरीले व्यावसायिक केराखेतीमा क्षति

**सिन्धुली ।**
हुरीका कारण यहाँको दुधौली नगरपालिका–१ बङ्कामा ठूलो क्षति पुगेको छ । गत सोमबार पानीसँगै आएको हुरीले केराखेतीमा क्षति गरेको हो ।
यहाँका किसानले लगाएको सात बिघा क्षेत्रफलको केराखेतीमा क्षति पु¥याएको स्थानीय किसान रामकुमार घिमिरेले जानकारी दिए । 'यहाँ हामीले सात बिघामा व्यावसायिक केराखेती गरेका थियौँ । त्यसमध्ये तीन बिघाको केराखेती पूर्ण रुपमा नष्ट भएको छ । बाँकीमा आंशिक क्षति पुगेको छ,' उनले भने ।



यहाँ जयप्रसाद पडाडी, युवराज पहाडी र रामकुमार घिमिरेले संयुक्त रुपमा चार वर्षअघि भित्री मधेश बहुद्देश्यीय कृषि फार्ममार्फत व्यावसायिक केराखेती सुरु गरेका थिए । तीन दिनअघिको हुरीले खेतीमा १३ लाख रुपैयाँ बराबरको क्षति भएको अनुमान गरिएको छ । फार्मले गत वर्ष ४३ लाख रुपैयाँ बराबरको केरा बिक्री गरेको थियो ।
कृषि विकास कार्यालय, सिन्धुलीका अनुसार जिल्लामा ३ सय ६४ हेक्टरमा व्यावसायिक केराखेती हुँदै आएको छ । व्यावसायिक केराखेती भएको अधिकांश क्षेत्रमा आंशिक क्षति पुगेको किसान बताउँछन् ।रासस

# 'एफएओको परियोजनाले विभेदविरुद्ध उभिन सिकायो'

**काठमाडौँ ।**
उनको चाहना होटल व्यवसाय गरेर उद्यमी बन्ने थियो । त्यसैअनुसार समय, ऊर्जा र लगानीसमेत लगाएर गाउँमै रिसोर्ट खोले । मेहनत गरेअनुसार होटल व्यवसाय पहिलो यादै गयो पनि । तर, त्यो सफलतामा धेरै समय टिक्न सकेन । धादिङ घर भएका कमल मिजारले भावुक हुँदै भने, 'म दलित भएकै कारण होटल व्यवसाय चलाउन दिइएन, मेरो ग्राहक बोलाउँदै यो दलितको होटल हो नजान भन्दै कुरा सिके । अनि यहाँसम्मकी डर त्रास देखाउँदै होटलका सिसासमेत फुटाए ।' विभेदको चपेटामा परेर उनले पेसा नै परिवर्तन गर्न बाध्य भई अहिले कृषि सहकारीमा आबद्ध भएको बताए ।
अन्तरराष्ट्रिय जातीय उन्मुलन दिवस (२१ मार्च) का सन्दर्भमा आज ललितपुरमा संयुक्त राष्ट्रसङ्घको खाद्य तथा कृषि सङ्गठन(एफएओ) नेपालले कृषि खाद्यमा दलितको अवस्थाबारे अन्तरक्रिया कार्यक्रम गरेको थियो । यसै कार्यक्रममा मिजारले जातीय विभेदको अनुभव सुनाए । उनका अनुसार दलित समुदायले जातकै कारण रोजेर स्वतन्त्र रूपमा व्यवसाय गर्न अझै पनि चुनौती खेप्नुपर्ने अवस्था दर्शाए । एउटा व्यवसायमा विभेद खेपेर कृषि सहकारीमा लाग्नुभएको उनले एफएओको परियोजनाले उद्देश्य पूरा गर्न सहयोग पुगेको बताए । उनी धुलिखेलस्थित छोटा डाँडा कृषि सहकारीको अध्यक्ष हुन् । जसमा अधिकांश सदस्य दलित समुदायका छन् । सहकारीले राम्रो व्यवसाय गर्न थालेपछि गैरदलित समुदायलेसमेत आकर्षित हुने गरेको उनले सुनाए । 'तर, पनि विभेद हटेको छैन,' उनले भने, 'केही गैरदलित समुदाय सहकारीका कार्यक्रममा आउनहु्न्छ, तर, खुलेर खाजा सँगै खान हिचकिचाउनुहुन्छ ।' यद्यपि सहकारी सम्म आएर कुरा सुन्नु पनि एकप्रकारको सकारात्मक परिवर्तन आएको मिजारले बताए । उनले एफएओको परियोजनाको साथले विभेदविरुद्ध उभिन हिम्मत दिएको बताए ।
त्यस्तै, धादिङ गल्छीका विमला मजाकोटी रम्तेलले एफएओको परियोजनाबाट समाजमा विभेद न्यूनीकरणमा टेवा पुगेको अनुभव सुनाउनुभयो । बाख्रापालन व्यवसाय गर्दै दलित समुदाय र गैरदलित समुदाय बीचका अन्तरघुलन समाज निर्माण गर्न सफल भएको उनले सुनाए । आफूले विगतमा जति विभेद खेप्नुपथ्र्या परियोजनाको सहयोगले समाजमा सम्मानपूर्वक काम गर्ने अवसर सिर्जना भएको उनले बताए । यद्यपि परियोजना सकिएलगत्तै समाजमा विभेद पनि सुरु हुने हो कि भन्ने चिन्ताले भने उनलाई सताएको छ । उन भन्छन्, 'पहिलाको तुलनामा विभेद कम छ तर, एफएओको परियोजना पूरा भएपछि विभेदको अन्त्य होला त ? चिन्ता लागेको छ ।'
कार्यक्रममा दलित समुदाय, कृषि खाद्य अधिकारका विषयमा नेपाल सरकारका पूर्वसचिव मानबहादुर विकले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । जसअनुसार भूमिहीन दलित समुदाय खाद्यको अधिकारबाट वञ्चित भएको प्रष्ट पारे ।
सरकारी र गैरसरकारी तथ्याङ्कलाई प्रस्तुत गर्दै उनले गरिबी घटे पनि विभेद नघटेको धारणा राखे । 'वर्षको ५७ हजार मात्रै कमाउने ठूलो सङ्ख्यामा दलित समुदायका छन्,' उनले भने, 'तराईका दलितको स्थीति झनै नाजुक छ ।' उनले तथ्याङ्क प्रस्तुत गर्दै १६ प्रतिशत घरधुरी खानै नपाउने अवस्थामा रहेको उल्लेख गरे ।
राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्माका अनुसार दलित समुदाय इतिहासकालदेखि नै खोसिएको जमिन पाएका छैनन् । ती समुदायलाई जमिन नदिएसम्म खाद्यको पहुँच सम्भव नहुने उनको धारणा थियो । आयोगले बारम्बार सरकारलाई दलितको जमिन, खाद्य र मानव अधिकारका आधार सिर्जना गर्ने वातावरण मिलाउन भन्दै पटकपटक ध्यानकर्षण गराउँदै आएको उनले सुनाउनुभयो । उनले भने, 'तर, सरकार दलितका कुरा सुन्नै तयार छैन ।'
कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव डा जानुका पण्डितले दलित समुदायको अवस्था अरु समुदायकोभन्दा निकै नाजुक भएको स्वीकार गर्दै मन्त्रालयले सिमान्तकृत समुदायको कृषिकको विकासमा टेवा पुग्ने कार्यक्रम परिचालन गरेको बताए ।
दलित महिला सङ्घ(फेडो) का अध्यक्ष कला स्वर्णकारले कृषिमा दलित समुदायका महिलाको अझै बढी योगदान भए पनि उनीहरू नै खाद्यमाथिको अधिकारबाट वञ्चित हुनुपरेको बताए । आदिवासी जनजाति विकास प्रतिष्ठानका उपाध्यक्ष रेशम गुरुङले समाजको कलङ्क विभेदकारी सोच हटाउन सबै समुदायको समान दायित्व रहेकाले छलफल र विचार विमर्श गर्न जरुरी रहेको बताए ।
एफएओ नेपालका सहायक प्रतिनिधि अमण जिसीले कृषि खाद्यमा समान पहुँच स्थापित गर्न आवश्यक रहेको मनन गर्दै सरोकारवालासँग निरन्तर छलफलमा जोड दिएको बताए ।
कार्यक्रम दोस्रो चरणमा दलित समुदाय र कृषि खाद्य अधिकारका विषयमा राज्यका प्रतिनिधि, निजीक्षेत्र, नागरिक समाज र मानवअधिकारका सरोकारवालामाझ ग्रुमपा छलफल गरिएको थियो । राष्ट्रिय दलित आयोगका सदस्य मीना देवी सोव, अधिवक्ता चक्रमान विश्कर्मा, लेखक एवम् दलित अभियन्ता सुशील विक, फेडोका प्रोग्राम म्यानेजर सरिता ब्रम साखा, अपाङ्गता भएका दलित समुदाय अधिकारकर्मी पम्फा पुरकोटीबीच छलफल भएको थियो । गुरपमा छलफललाई लेखक जेबी विश्वकर्माले मध्यस्तकर्ताको भूमिका निर्वाह गरेका थिए ।रासस

पर्सागढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा मधेश प्रदेश, नेपाल
पहिलो पटक प्रकाशन मिति : २०८२/१२/०५

सूचना । सूचना ॥ सूचना ॥।

विषय :- लागत साझेदारी रकम दाखिला गर्ने सम्बन्धमा

उपर्युक्त विषयमा यस पर्सागढी नगरपालिकाको कार्यालय। हरपुर, पर्साको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि सिचाई आयोजना (तराई-मधेश समृद्धि कार्यक्रम/नेपाल सरकार) अन्तर्गत बोरिङ्ग जडान कार्यका लागि २०८२/०८/२६ गतेको प्रथम पटक प्रकाशित सूचना र मिति २०८२/०९/१७ गतेको म्याद थप सूचना अनुसार यस नगरपालिकामा प्रस्ताव पेश गरेका १९९ कृषकहरुलाई जानकारी प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको छ। उक्त कार्यक्रम संचालन गर्न आवश्यक लागत साझेदारी अन्तर्गत कृषकले लागत अनुमानको १५% रकम अग्रिम रुपमा यस पर्सागढी नगरपालिकाको धरौटी खातामा दाखिला गर्नु पर्ने भएकोले देहाय बमोजिमको प्रकृया अपनाई २०८२ चैत्र २० गते भित्र रकम जम्मा गरि सक्कल भौचर साथ यस कार्यालयको कृषि शाखामा सम्पर्क गर्नु हुन अनुरोध छ ।

**दाखिला सम्बन्धी विवरण :**
दाखिला गर्नु पर्ने रकम स्वीकृत लागतको १५% ले हुन आउने रकम रु ३२०००। बत्तीस हजार मात्र)
खाताको नाम: पर्सागढी न.पा., धरौटी खाता (ग-२.३)
खाता नं.: ०६३०१००२००००००३ (सानिमा बैंक, पर्सागढी शाखा)
रकम दाखिला गरी सक्कल भौचर पेश गर्ने अन्तिम मिति २०८२/१२/२० गते सम्म

**पुनश्चः**
१) पालिकाको लागत अनुमान अनुसार १५२ जना लाभग्राहीलाई सेवा उपलब्ब गराउन सकिने हुँदा पहिले धरौटी रकम जम्मा गर्ने कृक्षकलाई पहिलो प्राथमिकता दिइने छ ।
२) १०० फिटसम्म मात्र नापी हुनेको हकमा २०८३ अषाढ मसान्त पछि हिसाब गरी धरौटी बढी हुनआउने रकम लाभग्राहीलाई फिर्ता गरिने छ
३) १०१ फिटदेखि १५० फिटसम्म नापी हुनेको हकमा धरौटी रकम सदरस्याहा गरिने छ ।
४) १५० फिट भन्दा बढी नापी हुनेको हकमा थप धरौटी तुरुन्तै दाखिला गराई काम गराइने छ र थप धरौटी रकम दाखिला नगरुन्जेल मोटर हस्तान्तरण गरिने छैन ।
५) थप जानकारकिो लागि यस कार्यालयको कृषि शाखामा सम्पर्क गर्न सकिने छ ।

# प्रधानन्यायाधीश राउतद्वारा तनहुँ जिल्ला अदालत निरीक्षण

**तनहुँ ।**
प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले बुधबार जिल्ला अदालत निरीक्षण गरेका छन् । प्रधानन्यायाधीश राउतले तनहुँ जिल्ला अदालतका विभिन्न शाखाको निरीक्षण गर्दै सेवा प्रवाहका बारेमा जानकारी लिए । त्यसक्रममा प्रधानन्यायाधीश राउतले जनतालाई सहज र सरल रुपमा सेवाप्रवाह गर्न निर्देशन दिए । उनले अदालतप्रति आमनागरिकको भरोसा न्याय प्रणालीको मेरुदण्ड भएको



उल्लेख गर्दै असहज परिस्थितिमा पनि सेवाग्राहीलाई केन्द्रमा राखेर काम गर्न निर्देशन दिए ।
तनहुँ जिल्ला अदालतका न्यायाधीश विष्णुप्रसाद उपाध्यायले तनहुँ अदालतमा जेन्जी आन्दोलनबाट भएको क्षति, हाल प्रवाह भइरहेको सेवाबारेमा जानकारी गराएका थिए । अदालतका स्रेस्तेदार नन्दप्रसाद आचार्यले जेनजी आन्दोलनका क्रममा भएको तोडफोडले कार्यालय कक्ष, कागजात व्यवस्थापन तथा दैनिक कार्यसञ्चालनमा केही असहजता सिर्जना गरेको जानकारी दिए । यद्यपि, चुनौतीपूर्ण अवस्थाबीच पनि कर्मचारी र न्यायिक निकायको समन्वयमा सेवाप्रवाह नरोकिएको उनले उल्लेख गरे । रासस

## वीरगंजमा कुटपिट प्रकरण:

# पीडितको आरोप ‘प्रहरीले सुनुवाइ गरेन’



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज–१६ नगवाकी खुश्बू श्रीवास्तवले आफू र परिवारमाथि बारम्बार आक्रमण हुँदापनि प्रहरी प्रशासनले बेवास्ता गरेको गम्भीर आरोप लगाएकी छन् । बुधबार आयोजित पत्रकार सम्मेलनमा उनले पटक–पटक उजुरी दिँदा पनि दोषीमाथि कारबाही नभएको भन्दै न्यायको माग गरेकी हुन् । उनका अनुसार भारतको बिहार राज्य अन्तर्गत चनपटियाका स्थायी बासिन्दा भई हाल वीरगंज–१६ मा बसोबास गर्दै आएका केही व्यक्तिहरूसँग पुरानो विवाद रहेको छ । सोही विवादकै कारण ती व्यक्तिहरूले आफ्नो परिवारमाथि निरन्तर आक्रमण गर्दै आएको उनको दाबी छ ।

श्रीवास्तवका अनुसार २०८२ असार २९ गते ती व्यक्तिहरू घरमै प्रवेश गरी कुटपिट गरेका थिए । उक्त घटनामा उनका श्रीमान गम्भीर घाइते भई दाहिने कानको करिब ७० प्रतिशत श्रवण क्षमता गुमेको उनले बताइन् । घटनापछि न्यायको अपेक्षासहित जिल्ला प्रहरी कार्यालय पर्सामा जाहेरी लिएर पुगेपनि आवश्यक छानबिन र कारबाही नभएको उनको गुनासो छ । न्याय नपाएपछि उनले उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजमा रिट निवेदन दायर गरेकी थिइन् । अदालतबाट आफ्नो पक्षमा आदेश जारी भएपनि त्यसपछि पनि समस्या समाधान नभएको उनले बताइन् । उल्टै, पुनः घरमै आक्रमण हुँदा उनका श्रीमान र वृद्ध ससुरा घाइते भएको उनको दाबी छ । घटनापछि उनले प्रहरी चौकी, वडा प्रहरी कार्यालय हुँदै पुनः जिल्ला प्रहरी कार्यालय पर्सासम्म धाउँदा पनि मुद्दा दर्ता र अनुसन्धानमा ढिलाइ भएको आरोप लगाएकी छन् ।

सम्बन्धित निकायबाट आश्वासन मात्रै पाइए पनि ठोस कारबाही नभएको उनको भनाइ छ । श्रीवास्तवले प्रहरी प्रशासनको भूमिकामाथि प्रश्न उठाउँदै पीडितले न्याय नपाउँदा पनि किन मौन बसिएको भन्दै निष्पक्ष छानबिन गरी दोषीमाथि कडा कारबाही गर्न माग गरेकी छन् ।

# वीरगंजका होटलमा असुरक्षित मासु प्रयोगको खुलासा

मधेशदृष्टि
वीरगंज।
वीरगंजका केही खाजा होटलहरूमा अस्वस्थ तथा चोट लागेको कुखुराको मासु प्रयोग भइरहेको तथ्य बाहिर आएपछि उपभोक्ताहरूमा गम्भीर चिन्ता उत्पन्न भएको छ । विशेषगरी ‘चिकेन ललिपप’ जस्तो लोकप्रिय परिकारमै यस्तो मासु प्रयोग भएको भेटिएपछि खाद्य सुरक्षामाथि प्रश्न उठ्न थालेको छ। स्थानीय स्रोतका अनुसार, वीरगंजस्थित ‘फुड गार्डेन’ नामक खाजा होटलमा ग्राहकलाई दिइएको चिकेन ललिपपमा कुखुराको शरीरमा स्पष्ट रूपमा चोट लागेको भाग फेला परेको हो।

घटना सार्वजनिक भएसँगै उक्त होटलको खाद्य गुणस्तर, सरसफाइ र तयारी प्रक्रियाबारे व्यापक आलोचना सुरु भएको छ । ग्राहकहरूले यस्तो लापरबाहीले प्रत्यक्ष रूपमा स्वास्थ्यमा असर पार्ने भन्दै सम्बन्धित निकायलाई तत्काल छानबिन गरी दोषीमाथि कारबाही गर्न माग गरेका छन् । स्वास्थ्यकर्मीहरूका अनुसार




अस्वस्थ वा रोग लागेको कुखुराको मासु सेवन गर्दा संक्रमणजन्य रोगको जोखिम उल्लेखनीय रूपमा बढ्ने सम्भावना रहन्छ।

यस प्रकरणले होटल व्यवसायीहरूको जिम्मेवारी र उत्तरदायित्वमाथि पनि गम्भीर प्रश्न खडा गरेको छ । गुणस्तरहीन तथा असुरक्षित खाद्य सामग्री प्रयोग गर्नु उपभोक्ता अधिकारको उल्लंघन भएको भन्दै सरोकारवालाहरूले कडा निगरानी र दण्डात्मक कदम चाल्नुपर्नेमा जोड दिएका छन्।

उपभोक्ता अधिकारकर्मीहरूले खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय लगायत सम्बन्धित निकायलाई बजार अनुगमन थप प्रभावकारी बनाउन आग्रह गरेका छन् । दोषी व्यवसायीलाई कानुनी दायरामा ल्याई कडा कारबाही गर्नुपर्ने उनीहरूको माग छ।

स्थानीय प्रशासनले समेत घटनालाई गम्भीर रूपमा लिएर आवश्यक अनुसन्धान अघि बढाउनुपर्ने आवश्यकता देखिएको छ । उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको विषय भएकाले अब ढिलाइ नगरी ठोस र प्रभावकारी कदम चाल्नुपर्ने आवाज चौतर्फी उठ्न थालेको छ।

# निरक्षरलाई सिधै ट्रायल परीक्षा मार्फत लाइसेन्स दिइने

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले ई–रिक्सा, अटो र ट्याक्टर चलाएर जीविकोपार्जन गर्ने विपन्न तथा निरक्षर नागरिकलाई लिखित परीक्षा नलिई सिधै प्रयोगात्मक (ट्रायल) परीक्षामार्फत लाइसेन्स दिने भएको छ । सय दिने उपलब्धी सार्वजनिक गर्दै मधेश प्रदेश सरकारका मुख्यमन्त्री कृष्ण यादवले सवारी चालक अनुमति पत्र वितरण प्रक्रियामा महत्वपूर्ण सहजीकरण गर्ने बताएका छन् ।

मुख्यमन्त्री यादवले प्रदेशमा ठूलो संख्यामा रहेका यस्ता चालकहरूको बाध्यतालाई बुझेर लिखित परीक्षा नलिई सिधै प्रयोगात्मक (ट्रायल) परीक्षामार्फत लाइसेन्स दिने कानूनी आधार तयार पारिएको घोषणा गरेका छन् । मुख्यमन्त्री यादवले मोटरसाइकल जस्ता सवारी साधनहरू सौख र व्यक्तिगत प्रयोजनका लागि बढी प्रयोग हुने भएपनि ई–रिक्सा र ट्याक्टर पूर्णरूपमा गरिबको पेट पाल्ने माध्यम भएकाले यसलाई पहिलो प्राथमिकतामा राखिएको प्रस्ट पारे । यस निर्णयले मधेश प्रदेशका हजारौँ विपन्न मजदुरहरूलाई बैधानिक रुपमा जीविकोपार्जन गर्न बाटो खुला हुने उनको विश्वास छ ।

# ठूलो परिमाणमा औषधि बरामद



**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी बल नेपाल, सीमा सुरक्षा गुल्म बीरगंजले भारी परिमाणमा अवैध रूपमा यातुवाहक गाडीमा काठमाडौँतर्फ लगिरहेको अवस्थामा विभिन्न किसिमका औषधिहरू बरामद गरेको छ । बरामद औषधिहरूको अनुमानित मूल्य ६ लाख २६ हजार रहेको सशस्त्र प्रहरीले जनाएको छ ।

गएराती गुल्मका सशस्त्र प्रहरी निरीक्षक निरज थापाको कमाण्डमा रहेको मोबाइल गस्ती टोलीले बीरगञ्ज महानगरपालिका वडा नम्बर १६ स्थित बसपार्क इलाकामा यातुवाहक बसहरु चेकजाँच गर्ने क्रममा बिलविजक नभएका सिल्डिनाफिल ट्याब्लेटस २१०१ पत्ता , प्रेगआउट किट २६७ पत्ता र एरोसल स्प्रे १२५ वटा बरामद गरेको हो । उक्त औषधिहरू यौनवर्धक र अनिच्छित गर्भ रोक्ने औषधिहरू रहेको बुझिएको छ । बरामद गरिएका औषधिहरू आवश्यक प्रक्रियाका लागि बीरगंज भन्सार कार्यालयमा बुझाइएको गुल्मका गुल्मपति डिएसपी विकास अधिकारीले बताएका छन् ।

# वन डढेलोका घटना नियन्त्रण गर्न विशेष अभियान

**मधेशदृष्टि**
**रौतहट ।**
वन डढेलोका घटनामा वृद्धि हुन थालेपछि रौतहटमा नियन्त्रण तथा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले विशेष अभियान सुरु गरिएको छ । डिभिजन वन कार्यालय रौतहटको नेतृत्वमा तथा सामुदायिक वन उपभोक्ता महासंघ रौतहटको सहकार्यमा अभियान सञ्चालनमा ल्याइएको हो ।

सुख्खा मौसमसँगै वन क्षेत्रमा आगलागीका घटना बढ्ने जोखिमलाई ध्यानमा राख्दै अभियानलाई प्राथमिकता दिइएको कार्यालयले जनाएको छ । अभियानअन्तर्गत बुधबार चन्द्रनिगाहपुरमा सचेतनामूलक ¥याली र कोणसभा आयोजना गरी सर्वसाधारणलाई डढेलो नियन्त्रणबारे जानकारी दिइएको थियो ।

बजार क्षेत्रमा निकालिएको ¥यालीमा सुरक्षा निकाय, सञ्चारकर्मी, नागरिक समाज, वन उपभोक्ता तथा विभिन्न संघ–संस्थाका प्रतिनिधिहरूको उल्लेख्य उपस्थिति देखिएको थियो । ¥यालीले नगरका विभिन्न भाग परिक्रमा गर्दै डढेलो नियन्त्रणसम्बन्धी सन्देश फैलाएको थियो ।

सो अवसरमा डिभिजन वन कार्यालय रौतहटका प्रमुख हेमन्त साहले वन आगलागी नियन्त्रणमा स्थानीय समुदायको सक्रिय सहभागिता अपरिहार्य रहेको बताए। उनले डढेलो लगाउने व्यक्तिलाई पहिचान गरी कानुनी कारबाहीको दायरामा ल्याउनुपर्नेमा जोड दिँदै वातावरण संरक्षणमा सबै पक्ष गम्भीर हुनुपर्ने उल्लेख गरे । कार्यक्रममा डिभिजन वन कार्यालय, सामुदायिक वन समितिका पदाधिकारी, नेपाल प्रहरी, ट्राफिक प्रहरी, सशस्त्र प्रहरी, विभिन्न राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज तथा स्थानीय उपभोक्तासहित सयौं व्यक्तिको सहभागिता रहेको थियो ।

# वडाध्यक्षले झुटो सिफारिस गरी राजस्व छलेको आरोप

**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीको रूपनी गाउँपालिका–१ की वडाध्यक्ष लीला यादवमाथि घर भएको जग्गालाई ‘घरधुरी नभएको’ भन्दै झुटो सिफारिस गरेर राजस्व छली गरेको आरोप लागेको छ ।

आफ्नै श्रीमानसहितको समूहलाई आर्थिक लाभ पु¥याउने उद्देश्यले उनले गलत विवरण प्रमाणित गरेको आरोप लागेको हो ।

साबिक गाउँ विकास समिति नकटीरायपुर–८ (हाल रूपनी–१) अन्तर्गत पर्ने बहुमूल्य जग्गामा घर हुँदाहुँदै पनि ‘अस्तित्वमै नभएको’ उल्लेख गर्दै वडाध्यक्ष यादवले घरबाटो सिफारिस गरेको उजुरी परेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत अनुसन्धान अघि बढाएको छ ।

आयोगको इटहरी कार्यालयले सोमबार रूपनी पुगेर स्थलगत मुचुल्का उठाएको छ । आयोगले उजुरी दर्ता नम्बर सी–०४२८०७ कायम गरी अनुसन्धान अघि बढाएको जनाएको छ ।

साबिक नकटीरायपुर–८ (ख) को कित्ता नम्बर १६९५ मा विना थापा र रचनासिंह थापाको नाममा रहेको एक बिघा साढे ४ धुर जग्गामा आवासीय घरहरू रहेका छन् ।

तर उक्त जग्गालाई आफ्नो समूहको नाममा नामसारी गर्न सहज बनाउने उद्देश्यले वडाध्यक्ष यादवले ‘घर नभएको’ भनी सिफारिस दिएको आरोप छ ।

# जनकपुर स्वच्छता अभियान सञ्चालन गरिने

**जनकपुरधाम ।**
धार्मिक तथा एतिहासीक महत्त्व बोकेको जनकपुरधामलाई स्वच्छ, सुन्दर र सफा सहर बनाउने अभियान सुरु गरिने भएको छ । जनकपुरधाममा मधेश प्रदेशका गृह, सञ्चार तथा कानुन मन्त्रालयले बुधबार आयोजना गरेको सर्वपक्षीय बैठकबाट हिन्दूहरूको आस्थाको केन्द्रको रूपमा रहेका यहाँका ऐतिहासिक तथा धार्मिक सम्पदाको संरक्षणका लागि अभियान सञ्चालन गर्ने निर्णय भएको हो ।

धार्मिक क्षेत्रमा भएको अतिक्रमण हटाउने, फोहर व्यवस्थापन गर्ने, सरसफाइमा जोड दिने तथा ट्राफिक व्यवस्थापनमा तीनै तहका सरकारका समन्वय गरी स्वच्छता अभियान सुरु गर्ने निर्णयसमेत भएको छ । बैठकमा मधेस प्रदेश गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले मधेस प्रदेशको राजधानी जनकपुरधामलाई विश्वका पर्यटकको लागि आकर्षकको केन्द्र बनाउने कार्ययोजनासहित रणनीति सर्वपक्षीय बैठकमा पेस गरेका थिए । उनले जनकपुरधामको मठमन्दिर, धर्मशाला र पोखरी संरक्षणसहित सडक सरसफाइ, ट्राफिक व्यवस्थापन, ई–रिक्साको व्यवस्थापन, हरियाली प्रवद्र्धन तथा नगरको शौन्दर्यीकरणका लागि कार्ययोजना पेस गरेका थिए ।

कार्यक्रममा मधेस प्रदेशका श्रम तथा यातायातमन्त्री मनिष सुमनले मधेस प्रदेशका जिल्लामा करिब ८४ हजारको सङ्ख्ययामा ई–रिक्सा रहेको बताउँदै ई–रिक्सालाई व्यवस्थित गर्नका लागि कानुन निर्माणको तयारी मन्त्रालयमा भइरहेको जानकारी दिएका छन् । उनले मधेशमा जनचेतनाको अभाव भएका कारण आफ्नो घरको फोहर सही तवरले व्यवस्थापन गर्न नसकेको कारणले नगर व्यवस्थित बन्न नसकेको बताएका छन् । धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइँटेलले जनकपुरधाममा बढ्दो जनसङ्ख्या र बाहिरबाट आउने तीर्थयात्रीको संख्या तथा सहरी क्षेत्रको बढ्दो चाँपका कारणले नगरको व्यवस्थापनका चुनौती देखिएको बताउँदै नगर प्रहरीको संख्या बढाउन सुझाव दिएका छन् । रासस


# जलेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

जलेश्वर महोत्तरी
मधेशप्रदेश,नेपाल

कार्यलय :०४४-५२००८७
फैक्स : ०४४-५२०१४३
वारुणयन्त्र : ०४४५२००९७

### आश्य- पत्र सम्बन्धी सूचना ।

यस जलेश्वर नगरपालिकाबाट ***आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिद कार्य का***लागि मिति २०८२/१०/२५ गतेको दिन मधेश दृष्टी राष्ट्रिय दैनिकपत्रिकामा प्रकाशित सूचना बमोजिम फर्म सप्लार्यसवाट मिति २०८२/११/२६ गते पेश हुन आएको बोलपत्र देहाय अनुसारको फर्मसगं खरिद गर्ने भनी मूल्यांकन समितिवाट मिति २०८२/११/२९ गतेको निणर्य सिफारिस भई आएकोले आश्यपत्र सम्वन्धी सूचना प्रकाशित गरिएको छ । कुनै फर्मको सो सम्बन्धमा प्रतिक्रिया भए ७ दिन भित्र यस नगरपालिका मा पेश गर्न अनुरोध छ ।

| सि. न. | कार्यको योजनाको विवरण | ठेक्का न | लइ रकम | कबोल रकम | फमको नाम ठेगाना |
|---|---|---|---|---|---|
| १ | ***आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिद कार्य*** | 05/NCB/1S1 E/GOODS/J M/2082/083 | **2364650** | **922855** | **DalimaMedisales Pvt.Ltd, Kathmandu-10** |

**प्रमोद कुमार ठाकुर**
प्रमुख प्रशासकिय अधिकृत


# केरा खेतीको बिमा नहुँदा किसान मारमा

**रौतहट ।**
केरा खेतीको बिमा नहुँदा रौतहटका किसान मारमा परेका छन् । जिल्लाका विभिन्न स्थानीय तहमा लगाइएको केरा खेतीमा बिमा नहुँदा यहाँका किसान प्रकृति प्रकोपबाट मारमा परेका हुन् । सोमबार साँझ आएको भीषण हावाहुरीका कारण चन्द्रपुर नगरपालिकामा अत्यधिक क्षति पुगेको छ । विशेष गरी चन्द्रपुर–३ मा लगाइएको करिब डेढ करोड बराबरको केरा खेती पूर्ण रूपमा नष्ट हुँदा किसान आर्थिक मारमा परेका छन् । चन्द्रपुर–१ को पौराई, चन्द्रपुर–२ को जुडिबेला, वार्ड नं ३ को गैडाटार, वार्ड नं ४ को चन्द्रनिगाहपुरलगायत गाउँमा हावाहुरीले केराखेतीमा पूर्ण रुपमा क्षति पु¥याएको छ । चन्द्रपुर–३ को गैँडाटार गाउँ केरा उत्पादनको मुख्य क्षेत्रका रूपमा परिचित छ । यहाँका अधिकांश किसानले व्यावसायिक रूपमा केरा खेती गर्दै आएका छन् । सोमबार आएको हावाहुरीले हजारौँ बोट केरा ढल्दा वर्षभरिको मेहनत एकैछिनमा नष्ट भएको स्थानीय कृषक दीपक गौतमले बताएका छन् । लगानी, श्रम र समय सबै गुम्दा किसान आर्थिक रूपमा धरासायी हुने अवस्थामा पुगेका छन् ।



केरा खेती गर्ने किसानले बर्सेनि प्राकृतिक विपत्तिको सामना गर्नुपरेको छ । हावाहुरी, रोग र कहिलेकाही जङ्गली जनावरको आक्रमणले केरा खेती नष्ट हुने गरेको तर बिमा नहुँदा सबै क्षति किसानले बेहोर्नुपरेको गौतम बताउ छन् । यस क्षेत्रमा व्यावसायिक रुपमा केरा खेती गर्ने किसान बढेपछि केरा खेतीको बिमा गर्न पटकपटक चन्द्रपुर नगरपालिकामा आवाज उठाउँदा सुनवाइ नभएको उनले बताए ।

बिमाका लागि चन्द्रपुर नगरपालिकाका नगरप्रमुख सञ्जयकुमार काफ्ले तथा विभिन्न बिमा कम्पनीलाई आग्रह गर्दा बेवास्ता गरेको कृषक गौतमको गुनासो छ । उनले करिब ७ बिघा जमिनमा केरा खेती गर्दै आएका छन् । रौतहटमा करिब चार सय बिघाभन्दा बढी जमिनमा केरा खेति भएको र हावाहुरीबाट रु तीन करोडभन्दा बढीको क्षति पुगेको छ ।

यस्तै चन्द्रपुर–३ का अर्का किसान रमेश घिमिरेले केरा खेतीको बिमा भएमा किसानको लगानी सुरक्षित हुने बताए । यहाँ बिमा नहुँदा किसान मारमा परेको उनले बताए । अहिलेको समयमा हरेक बालीको बिमा अपरिहार्य भएको घिमिरेले बताए । बिमा कम्पनीले जोखिम बढी हुने भन्दै केरा खेतीको बिमा गर्न आनाकानी गर्दै आएको उनको गुनासो छ । यसले हरेक वर्ष प्राकृतिक प्रकोप आउँदा किसान थप समस्यामा पर्ने गरेका छन् । चन्द्रपुर नगरपालिकाका नगरप्रमुख सञ्जयकुमार काफ्लेले कृषकको बाली बिमाका लागि नगरपालिका सबै किसिमको सहयोग गर्न तयार रहेको बताए । बालीका लागी बिमा अति आवश्यक भएकाले बिमाका लागि कुनै पनि किसिमको सहयोग गर्न तयार रहेको उनको भनाइ छ । रासस

# विरामीलाई ह्वीलचेयर प्रदान

**मधेशदृष्टि**
**वीरगंज ।**
पोखरिया नगरपालिका वडा नं. ६ शिर्सिया निवासी हिंडडुल गर्न नसकने एक जना बिरामीलाई ह्वील चेयर प्रदान गरिएको छ । कुइन ज्वैलर्स काठमाडौंको सहयोगमा विरामीको घरमै पुगेर ह्वीलचेयर प्रदान गरिएको हो ।

उपकार सेवा नेपालका अध्यक्ष विध्या कुमारी, लायन्स क्लब अफ पोखरियाका अध्यक्ष नेजामुद्दीन शमानी, रूस्तम मियाँलगायले बिरामीको परिवारजनको रोहवरमा ह्वील चेयर हस्तानतरण गरेको थियो । आर्थिक अवस्थ कमजोर रहेको बिरामीको दैनिकीमा ह्वील चेयरले केही सहजता पु¥याउने अपेक्षा गरिएको टोलीका सदस्यहरूले बताएका छन् ।

सम्पादकीय

# सीके राउतको राजनीतिक सन्यास र मधेशको बदलिँदो राजनीति

जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले संसदीय राजनीतिबाट सन्यास लिने घोषणा गरेसँगै मधेशको राजनीतिमा नयाँ बहस सुरु भएको छ । एक समय पृथकतावादी आन्दोलनको नेतृत्व गरेका र पछि शान्तिपूर्ण राजनीतिमा आएर संसदीय निर्वाचनमा समेत भाग लिएका राउतको यो निर्णयले मधेशको राजनीतिक भविष्यलाई कसरी प्रभावित पार्छ भन्ने चासो बढेको छ। उनको यो कदमले जनमत पार्टीको आगामी दिशा र समग्र मधेशी राजनीतिको स्वरूपमा कस्तो परिवर्तन ल्याउला भन्ने प्रश्न अहिले टड्कारो बनेको छ।

डा. राउतको राजनीतिक यात्रा सधैं चर्चामा रह्यो । 'स्वतन्त्र मधेश' को नारा दिएर राष्ट्रिय राजनीतिमा हलचल मच्चाएका उनले २०७५ सालमा सरकारसँग ११ बुँदे सहमति गरी मूलधारको राजनीतिमा प्रवेश गरेका थिए। त्यसपछि उनले जनमत पार्टी गठन गरी संसदीय निर्वाचनमा भाग लिए र केही सफलता पनि हासिल गरे । उनको उदयले मधेशमा स्थापित दलहरूलाई चुनौती दिएको थियो र नयाँ राजनीतिक शक्तिको रूपमा जनमत पार्टीलाई उभ्याएको थियो। उनको यो सन्यासको घोषणाले मधेशमा एक प्रभावशाली नेताको संसदीय भूमिकाको अन्त्य भएको छ।

राउतले संसदीय राजनीतिबाट सन्यास लिए पनि 'संघर्षको राजनीति' जारी राख्ने बताएका छन्। यसको अर्थ उनी पद र सत्ताको राजनीतिबाट टाढा रहेर जनताका मुद्दाहरूमा सडक र जनस्तरबाट संघर्ष गर्नेछन् भन्ने बुझिन्छ। यो कदमले जनमत पार्टीलाई संसदीय भूमिकामा मात्र सीमित नराखी जनसरोकारका विषयमा निरन्तर दबाब सिर्जना गर्ने शक्तिको रूपमा स्थापित गर्न खोजेको देखिन्छ । यद्यपि, संसदीय भूमिकाबिना जनस्तरको संघर्षलाई कसरी प्रभावकारी बनाउने भन्ने चुनौती भने कायमै रहनेछ।

राउतको यो निर्णयले मधेशको राजनीतिमा केही महत्वपूर्ण प्रभाव पार्न सक्छ। एकातिर, यसले जनमत पार्टीभित्र नयाँ नेतृत्व विकासको अवसर सिर्जना गर्न सक्छ। अर्कोतिर, मधेशमा नयाँ राजनीतिक ध्रुवीकरण वा दलहरूबीचको समीकरणमा फेरबदल आउन सक्छ । मधेशका मुद्दाहरूलाई लिएर संघर्ष गर्ने अन्य दलहरूलाई पनि यसले थप सक्रिय हुन प्रेरित गर्न सक्छ। यद्यपि, राउतको व्यक्तिगत प्रभाव र जनमत पार्टीको सांगठनिक क्षमताले नै उनको सन्यासपछिको मधेशी राजनीतिको दिशा निर्धारण गर्नेछ।

अन्ततः, डा. सीके राउतको संसदीय राजनीतिबाट सन्यास लिने निर्णय मधेशको राजनीतिको लागि एक महत्वपूर्ण मोड हो। यसले मधेशी जनताका आकांक्षा र मुद्दाहरूलाई सम्बोधन गर्ने नयाँ तरिकाहरूको खोजी गर्न प्रेरित गर्नेछ। आगामी दिनमा मधेशको राजनीतिले कस्तो मोड लिन्छ र जनमत पार्टीले आफ्नो 'संघर्षको राजनीति' लाई कसरी अगाडि बढाउँछ भन्ने कुरा हेर्न बाँकी नै छ । तर, एउटा कुरा निश्चित छ कि मधेशको राजनीतिक परिदृश्यमा अब नयाँ अध्याय सुरु भएको छ।

# हिमालको काखमा उक्लिँदै रसुवाको पर्यटनः सम्भावना

ज्ञानेन्द्र न्यौपाने/रासस

स्वदेशी तथा विदेशी पर्यटकको रोजाइमा हिमाली जिल्ला रसुवा पर्न थालेको देखिन्छ। यातायातको सुविधासहित राजधानी काठमाडौँबाट नजिक पर्ने यस क्षेत्रमा हरेक वर्ष पर्यटक संख्या वृद्धि हुँदै गएको लाङटाङ राष्ट्रिय निकुञ्जले जनाएको छ। धार्मिक तथा प्राकृतिक सम्पादका कारण पर्यटकको रोजाइमा परेकाले पर्यटकीयस्थलका रुपमा रसुवा चिनिन थालेको छ।

लाङटाङ, गोसाइँकुण्ड र तामाङ सम्पदा मार्गका यी नाम अब केवल भौगोलिक स्थान मात्र होइनन्, रसुवाको पर्यटन प्रवद्र्धनमा कामयावी भएका छन्। यसैका कारण पछिल्ला समय यस क्षेत्र पर्यटकीय हिसावले महत्वपूर्ण गन्तव्यका रुपमा परिचित हुन सफल भएको छ। पछिल्लो ४८ वर्षमा चार लाख ८० हजारभन्दा बढी विदेशी पर्यटकले यी क्षेत्रमा भ्रमण गरिसकेका छन् । हमाली यात्रामा आगन्तुक पर्यटकको संख्या बढ्दै गएकाले रसुवाको पर्यटन यात्रा जीवित इतिहास साक्षी भएको लाङटाङ राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत श्यामकुमार साह बताउनुहुन्छ।

### लाङटाङबाट सुरु भएको पर्यटन यात्रा

स्थानीयका अनुसार सुरुका दिनमा सडक अभाका कारण फाट्टफुट्ट देखिने पर्यटक लाङटाङसम्म आई क्याङ्जेनको चौँरीगोठमै बास बस्ने, त्यहीँको आगो ताप्दै रात कटाउँदै फर्किने गरेको अवस्थामा सीमित थियो। लाङटाङका स्वर्गीय रेञ्जन दोर्जे तामाङबाट सुरू भएको पर्यटन व्यवसाय सडक पूर्वाधारको विकाससँगै अहिले गाउँ समाजको लागि ठूलो वरदान सावित भएको छ। त्यही सङ्घर्षबाट लाङटाङको पूरै गाउँमा पर्यटकका लगि हिजोआज व्यवस्थित होटल, लज गणस्तरीय सेवासुविधासम्म आइपुगेको छ।

करिब तीन हजार ९ सय मिटर उचाइमा रहेको क्याङ्जेन जान आज पनि उस्तै कठोर छ, तर आतिथ्य भने अझ न्यानो बनेको छ। 'हामी चिसोमा पनि पर्यटकलाई तातो महसुस गराउन चाहन्छौँ,' भन्छन् त्यहाँका व्यवसायी ढिण्डुप तामाङ।

### तामाङ सम्पदा मार्गः संस्कृतिसँगको भेट

लाङटाङको प्राकृतिक सौन्दर्यसँगै, तामाङ सम्पदा मार्गले संस्कृति र जीवनशैलीको कथा बोकेको छ। तत्कालीन समयमा ग्रामीण गरिबी निवारण पर्यटन कार्यक्रममार्फत २०५७ सालदेखि सुरु गरिएको यस मार्गले गतलाङ, चिलिमे तथा तातोपानी, थुमन, नाकथली र बृद्धिमलाई नयाँ जीवन दिएको तातोपानीका होटल व्यावसायी दावा साङ्वो तामाङ बताउनुहुन्छ

बृद्धिमको होमस्टे अहिले पर्यटकका लागि 'घर जस्तै अनुभव' बनेको छ। स्थानीय परिकारका खानेकुरा, परम्परागतका वेशवुषा र तामाङ संस्कृतिको आत्मीयता, यी सबैले पर्यटकलाई केवल घुम्न मात्र होइन, बाँच्न सिकाउने गरेको 'होमस्टे' व्यवस्थापन समितिका अध्यक्ष ङवाङ तामाङले जानकारी दिनुभयो।

गोसाइँकुण्डः आस्था र रोमाञ्चको सङ्गम

चार हजार ३८० मिटर उचाइमा रहेको गोसाईंकुण्ड केवल ताल होइन, आस्थाको केन्द्र पनि हो। उकाली, ओराली, भञ्ज्याङ र चौतारी पार गर्दै पुगिने यो गन्तव्यले पर्यटकलाई शारीरिक चुनौतीसँगै आध्यात्मिक सन्तुष्टि पनि दिने गरेको छ।

धार्मिक मार्गभर होटल–लजको व्यवस्था, चन्दनबारीदेखि लहुरी विनायक

गोसाइँकुण्डसम्मको सहज बास तथा खाना र आपत्कालीन अवस्था परे उद्धारका लागि हेलिकप्टरसमेतको व्यवस्थाले यी सबै क्षेत्रको यात्रालाई सुरक्षित बनाएको चन्दनबारीका होटल व्यावसायी सुब्बा लामा बताउनुहुन्छ।

### बढ्दो पर्यटक, बढ्दो जिम्मेवारी

लाङटाङ राष्ट्रिय निकुञ्जभित्र पर्ने यी क्षेत्रहरूमा चालु आर्थिक वर्षको साउनदेखि हालसम्म सात हजार ६८४ विदेशी पर्यटकको आगमन भइसकेको छ। आन्तरिकतर्फ भने ३६ हजारभन्दा बढी पर्यटकले घुमेको लाङटाङ राष्ट्रिय निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारी बताउनुहुन्छ। पर्यटकको आगमनका कारण राजस्वमा उल्लेखनीइ योगदान पुगेको छ। तर संख्या बढ्दै जाँदा चुनौती पनि बढेका छन्। वन्यजन्तु संरक्षण, फोहर व्यवस्थापन, र प्राकृतिक सन्तुलन जोगाउने जिम्मेवारी अब सबैको साझा भएको छ। 'तोकिएको ठाउँमा मात्र फोहर फालौँ, वनस्पति नकाटौँ,' निकुञ्ज प्रशासनको आग्रह छ।

### अझै बाँकी छन् अधुरा काम

पर्यटनको सम्भावना विशाल भए पनि पूर्वाधार निर्माणको काम बाँकी छ। नयाँ क्षेत्र नौकुण्ड, उत्तरगया, घलेगढीजस्ता स्थान पर्यटन क्षेत्रको नक्सामा सूचीकृत हुन बाँकी छन्। धुञ्चेस्थित नेपालको पहिलो तामाङ सङ्ग्रहालय भूकम्पपछि पुनःस्थापनाको प्रतीक्षामा छ। कुनै सरकारी सहयोग नमिल्दा सङ्ग्रहालय अझै बन्न नसकेको स्थानीय नागरिक समाजले जनाएको छ। राज्यबाट पुनर्निर्माणको कार्यसमेत अगाडि नबढेको स्थानीय बासिन्दा बताउँछन्।

पदयात्रा मार्ग सुधार विश्रामस्थल निर्माण र फोहर व्यवस्थापनमा प्रयास भइरहे पनि पर्याप्त हुन सकेको स्थानीयको भनाइ छ।

### सजिलो यात्रा, छोटो दूरी

पहिले बेत्रावतीबाट सुरु हुने लामो पैदलयात्रा अहिले सडकमार्गले छोटिएको छ। काठमाडौँबाट धुञ्चेसम्म सीधा यातायात सञ्चालन भएसँगै पर्यटकलाई सहज भएको छ। तर होटल व्यवसायी सङ्घका अध्यक्ष विशाल घलेका अनुसार उच्च हिमाली क्षेत्रको भ्रमणका लागि कम्तीमा एक रात धुञ्चेमा बस्नैपर्दछ। रसुवाको यात्रामा हिमाली वातावरण मिलाइ लेक लाग्ने समस्या न्यूनीकरण गर्न काठमाडौँबाट रसुवा प्रवेश गरेका यात्रुले एक रात धुञ्चेमा बस्न उपयुक्त हुनेसमेत होटल व्यवसायी सङ्घका अध्यक्ष घलेले जानकारी दिनुभयो।

गोसाइँकुण्डको यात्रालाई थप रोमञ्चकारी बनाइ अगाडि बढ्न धुञ्चे युवा समूहको पहलमा धुञ्चेबाट पूर्व पर्ने त्रिशूली नदी घट्टेखोला क्षेत्रमा १०८ धारासहितको गोसाईंकुण्ड द्वारधाम निर्माणको काम धमाधम अगाडि बढिरहेको छ। यसले आगामी दिनमा यात्रा थप रोमञ्चकारी बनाउने विश्वास लिइएको छ।

### जैविक विविधताको खानी

छयालीस प्रजातिका स्तनधारी, ३८० प्रजातिका चराचुरुङ्गी, रेडपाण्डाजस्ता दुर्लभ जनावर यी सबैले रसुवालाई प्राकृतिक प्रयोगशालाका रुपमा चिनाएको छ। तर यी सम्पदालाई नजिकबाट अनुभव गर्ने संरचनाको विकास भने हुन बाँकी छ।

### सम्भावनाको उज्यालो बाटो

रसुवाको हिमाली पर्यटन अहिले सम्भावनाको शिखरमा रहेको अवस्था छ। पर्यटन व्यवसाय विगतको सङ्घर्ष, वर्तमानको विस्तार र भविष्यको आशा, यी सबै मिलेर प्रगति पथमा लम्किँदै गरेको छ। रसुवा नागरिक समाजका अध्यक्ष बाबुलाल तामाङका अनुसार प्रकृति, संस्कृति र साहसको सङ्गम भएको रसुवा अब केवल गन्तव्य मात्र होइन, अनुभव बन्ने बाटोमा अघि बढेको छ। पूर्वाधार, संरक्षण र व्यवस्थापनमा विशेष ध्यान दिन सकियो भने, काठमाडौँबाट नजिकै रहेको हिमाली जिल्ला रसुवा नेपालकै प्रमुख पर्यटकीय केन्द्रको रुपमा स्थापित हुने उहाँको भनाइ छ।

# तरकारीखेतीले चिनिँदै बाह्रदशीको राधानगर गाउँ

दिपक चन्द/रासस

झापाको बाह्रदशी गाउँपालिका–३ स्थित 'राधानगर' गाउँ तरकारीखेतीबाट परिचित छ। बिहान झिसमिसै उज्यालो हुनुअघि नै यहाँका किसानहरू खेतबारीतर्फ निस्किसकेका हुन्छन्। करिब ३ बजेदेखि सुरु हुने उनीहरूको कामले गाउँको कृषि गतिविधि चलायमान देखिन्छ। निरन्तर मेहनत, लगाव र परिवारको सहकार्यका कारण यहाँका किसानहरूले तरकारी उत्पादनबाट उल्लेख्य आम्दानी गरिरहेका छन्।

राधानगरका बासिन्दाका लागि खेतीपाती रोजगारीको माध्यम मात्र नभई दैनिक जीवनको अभिन्न हिस्सा बनेको छ। समयसँगै सुधार हुँदै गएको कृषि प्रविधि, बजारको बढ्दो माग र स्थानीय किसानहरूको सक्रियताले यो गाउँ झापामा तरकारी उत्पादनको महत्वपूर्ण केन्द्रका रूपमा विकसित हुँदै गएको छ। अहिले यहाँका धेरैजसो परिवारले मौसमी तरकारीखेतीलाई आफ्नो प्रमुख आयआर्जनको आधार बनाएका छन्।

राधानगरका किसान सुन्दरलाल शाहको दैनिकी यस गाउँका किसानहरूको प्रतिनिधि कथाजस्तै छ। उहाँको दिनचर्या बिहान ३ बजेदेखि सुरु हुन्छ। घर वरपर अँध्यारो अझै बाँकी रहँदा उहाँ खेततर्फ लागिसक्नुहुन्छ। आजभोलि खेतमा लगाइएका बन्दागोभी, काउली र बैगुनजस्ता मौसमी तरकारी टिप्ने काम त्यसै समयबाट सुरु हुन्छ। तीन बिघा क्षेत्रफलमा फैलिएको उहाँको खेत अहिले बन्दागोभी, काउली र बैगुनले ढाकिएको छ। बिहानैदेखि तरकारी टिप्ने, वर्गीकरण गर्ने र गाडीमा राखेर बजार पठाउने काममा परिवारका सदस्यहरू पनि व्यस्त देखिन्छन्।

सुन्दरलाललाई यस काममा श्रीमती र छोरी सरिताले भरपूर साथ दिएकPो बताउनुहुन्छ। 'बिहान ३ःः०० बजे उठ्नुपर्छ, तरकारी टिप्नुपर्छ अनि गाडीमा राखेर झापा जिल्लाको व्यापारिक केन्द्र बिर्तामोडको कृषि थोक बजारसम्म पु¥याउनुपर्छ,' सुन्दरलाल भन्नुहुन्छ, 'तर आफ्नै उत्पादन सिधै बजारमा लैजान पाउँदा विचौलियाको झन्झट कम हुन्छ।'

परिवारका सदस्यबाहेक तीन जनालाई नियमित रोजगारी दिनुका साथै तरकारीखेतीबाट खर्च कटाएर वार्षिक १२ लाख रुपैयाँभन्दा बढी आम्दानी हुने गरेको उहाँ बताउनुहुन्छ। यद्यपि खेतीमा आम्दानीसँगै खर्च पनि उत्तिकै हुने गरेको सुन्दरलालको अनुभव छ। गोबर मल, ट्र्याक्टर जोताइ, रासायनिक मल, मजदुर खर्च र ढुवानीमा ठूलो रकम खर्च हुने गरेको उहाँ बताउनुहुन्छ। 'कमाइ राम्रो हुन्छ तर खर्च पनि धेरै हुन्छ,' उहाँ भन्नुहुन्छ, 'गोबरमलमै एक वर्षमा एक लाखभन्दा बढीP रुपैयाँ खर्च हुन्छ।'

सुन्दरलालकी छोरी सरिता शाह कृषि क्षेत्रमा नयाँ पुस्ताको प्रतिनिधिजस्तै देखिनुहुन्छ। उहाँले १८ महिनाको कृषि प्राविधिक (जेटिए) अध्ययन पूरा गर्नुभएको छ। बाल्यकालदेखि बुबाले खेतमा गरेको मेहनत देख्दै हुर्किनुभएकी सरितालाई कृषि क्षेत्रमा काम गर्ने प्रेरणा त्यहीँबाट मिलेको हो। 'सानैदेखि बुबाले खेती गरेको देखेर यो क्षेत्रमा केही गर्नुपर्छ भन्ने लाग्थ्यो,' सरिता भन्नुहुन्छ, 'त्यसैले कृषि पढेँ, अहिले बुबालाई सघाउँदा धेरै कुरा बुझ्न सजिलो भएको छ।' उहाँका अनुसार गाउँमै तरकारीखेती गरेर राम्रो आम्दानी गर्न सकिन्छ। तर सीमावर्ती भारतीय बजारबाट अवैध विषादीयुक्त सस्तो मूल्यका तरकारी खुल्ला रुपले आउँदा स्थानीय किसानले उचित बजार मूल्य पाउन नसक्ने समस्या भने अझै रहेको सरिता बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, 'त्यस्ता तरकारी सस्तोमा आउँदा हाम्रो उत्पादनको मूल्य घट्छ।'

सुन्दरलालको परिवारको परम्परागत पेसा भने सुर्तीखेती थियो। उहाँका बुबा र हजुरबुबाहरूले पनि यही खेती गर्दै आएका थिए। तर समयसँगै सुर्तीखेतीमा बजार घट्दै गयो र आम्दानी पनि कम हुन थाल्यो। मौसमले पनि साथ दिन छाड्यो त्यसपछि सुन्दरलालले विसं २०५२ देखि तरकारीखेती सुरु गर्नुभएको हो। सुरुआती दिनहरूमा सानो जमिनबाट सुरु गरिएको खेती अहिले तीन बिघासम्म विस्तार भएको छ। 'पहिला सानो कित्ताबाट सुरु गरेको थिएँ,' उहाँ सम्झनुहुन्छ, 'अहिले मेहनत र अनुभवले खेती राम्रो भएको छ।'

राधानगरकै अर्का किसान जगतलाल शाहको कथा पनि उत्तिकै प्रेरणादायी छ। उहाँले आठ वर्ष मलेसियामा वैदेशिक रोजगारी गर्नुभयो। विदेशमा काम गरेर फर्किएपछि उहाँले गाउँमै तरकारीखेती सुरु गर्नुभयो। 'विदेशमा काम गर्दा पनि मन गाउँमै थियो,' उहाँ भन्नुहुन्छ, 'त्यसैले फर्किएपछि खेती सुरु गरेँ।' हाल उहाँले एक बिघा जमिनमा तरकारीखेती र दुई बिघामा मकैखेती गर्दै आउनुभएको छ। खेतीबाट खर्च कटाएर वार्षिक १५ लाख रुपैयाँ भन्दा बढी आम्दानी हुने गरेको उहाँ बताउनुहुन्छ। 'अहिले दुई जना मजदुरलाई नियमित रोजगारी दिएको छु,' उहाँ भन्नुहुन्छ, 'तरकारीखेतीकै कमाइबाट दुई बिघा जमिन थप जोडेको पनि छु।'

जगत्का दुई छोराहरू भने हाल विदेशमै रोजगारीमा छन्। भविष्यमा उनीहरूलाई पनि गाउँमै फर्काएर कृषि क्षेत्रमा लगाउने योजना रहेको उहाँ बताउनुहुन्छ। राम्रो आम्दानीसँगै बजार सजिलै पाए पनि उचित मूल्य पाउन चुनौती रहेको जगतलालको अनुभव छ। राधानगरकै अर्का किसान विनोद शाह पनि तरकारीखेतीबाट राम्रो आम्दानी गरिरहनुभएको छ। उहाँले एक विघा जमिनमा बन्दागोभी, काउली र बैगुनलगायतका मौसमी तरकारीखेती गर्दै आउनुभएको छ।

विनोदले आफ्नो उत्पादन स्थानीय बजारमा बिक्री गर्ने गर्नुभएको छ। घरका सदस्यहरू मिलेर काम गर्दा खर्च कम हुने र आम्दानी राम्रो हुने उहाँको अनुभव छ। 'घरकै मान्छेले काम गर्दा खर्च कम हुन्छ,' उहाँ भन्नुहुन्छ, 'खर्च कटाएर वार्षिक आठ लाख रुपैयाँभन्दा बढी आम्दानी हुन्छ।' तर उहाँका अनुसार भारतीय बजारबाट आउने विषादीयुक्त तरकारी स्थानीय किसानका लागि मुख्य चुनौती बनेको छ।

राधानगरमा शाह समुदायका करिब १४० परिवार बसोबास गर्दै आएका छन्। यीमध्ये अधिकांश परिवार तरकारीखेतीमा संलग्न छन्। श्यामनारायण शाह, झडीलाल शाह, नागिन शाह, लखतलाल शाहलगायतका किसानहरू पनि यही पेसामा सक्रिय छन्। मौसमी तरकारी उत्पादनका कारण राधानगरलाई अहिले 'तरकारी पाइने गाउँ'का रूपमा चिनिन थालेको छ। झापाको प्रमुख बजार बिर्तामोडमा आउने स्थानीय तरकारीमध्ये धेरैजसो यही गाउँबाट पुग्ने गरेको छ।

बाह्रदशी गाउँपालिकाको कृषि विकास शाखाका प्रमुख निशान विष्टका अनुसार यस क्षेत्रमा अधिकांश किसानले मौसमी तरकारीखेती गर्दै आएका छन्। गाउँपालिकाले किसानलाई कृषि उपकरण, प्रविधि र तालिम उपलब्ध गराउँदै आएको उहाँ बताउनुहुन्छ। 'किसानलाई आवश्यक पर्दा समन्वय र सहयोग गर्ने काम पालिकाले गरिरहेको छ,' उहाँ भन्नुहुन्छ। कृषि प्रविधिको प्रयोग, उन्नत बीउबिजन र बजार व्यवस्थापनमा सहयोग मिल्दै जाँदा यहाँको तरकारी उत्पादन अझै बढ्ने अपेक्षा गरिएको छ।

तरकारीखेतीबाट राम्रो आम्दानी भए पनि किसानहरूले केही चुनौती पनि भोगिरहेका छन्। मुख्य समस्या भनेको भारतीय बजारबाट आउने सस्तो तरकारी हो। विषादी प्रयोग भएका तरकारी सस्तोमा बजारमा आउँदा स्थानीय उत्पादनको मूल्य घट्ने गरेको किसानहरू बताउँछन्। यद्यपि किसानहरू मेहनत, अनुभव र नयाँ प्रविधिको प्रयोगबाट यी चुनौती पार गर्दै अघि बढिरहेका छन्।

आज राधानगरका खेतहरूमा फैलिएको हरियाली केवल तरकारीका बोटहरूको हरियाली मात्र होइन, यो गाउँका किसानहरूको आशा र भविष्यको हरियाली पनि हो। बिहानको अँध्यारो चिर्दै खेतमा पुग्ने किसानहरूको मेहनतले यहाँको माटोलाई सुनजस्तै बनाइरहेको छ। सुन्दरलाल, जगतलाल, विनोदजस्ता किसानहरूको कथाले देखाउँछ–यदि इच्छाशक्ति र मेहनत भए गाउँमै बसेर पनि सम्मानजनक आम्दानी गर्न सकिन्छ। राधानगर आज केवल एउटा गाउँ होइन, मेहनत र सम्भावनाको कथा बनेको छ। खेतबारीमा हुर्किरहेका तरकारीसँगै यहाँका किसानहरूको सपना पनि दिनदिनै बढिरहेको छ। भविष्यमा अझ राम्रो प्रविधि, बजार व्यवस्थापन र सरकारी सहयोग मिल्दै गए यो गाउँ झापाको मात्र होइन, देशकै उत्कृष्ट तरकारी उत्पादन केन्द्रका रूपमा स्थापित हुने अपेक्षा गर्न सकिन्छ।

# सीको पुस्तक जलाएको घटना छानबिन गर्न समिति

अशोक दाहाल/बीबीसी

पूर्वी नेपालस्थित एउटा शैक्षिक संस्थानमा चिनियाँ राष्ट्रपति सी जिन्पिङद्वारा लिखित पुस्तकका कैयौँ प्रतिहरू जलाइएको विषयमा बेइजिङले कूटनीतिक माध्यमबाट आपत्ति व्यक्त गरेपछि छानबिन सुरु गरिएको अधिकारीहरूले बताएका छन्।

जिल्ला प्रशासन कार्यालय मोरङले कूटनीतिक संवेदनशीलतासँग जोडिएको विषयमा छानबिन समिति बनाएर अनुसन्धान सुरु गरेको प्रमुख जिल्ला अधिकारी युवराज कट्टेलले जानकारी दिए।

'हामीले सहायक प्रमुख जिल्ला अधिकारी सरोज कोइरालाको नेतृत्वमा पाँचसदस्यीय छानबिन गर्ने टोली बनाएका छौँ। त्यसको म्याद १५ दिन छ,' कट्टेलले बीबीसी न्यूज नेपालीसँग भने।

'त्यसलाई तीनवटा क्षेत्राधिकार छ । सत्यतथ्य अनुसन्धान गर्ने, दोषी देखिए के कसरी कारबाहीको दायरामा ल्याउनुपर्छ भनेर सुझाव दिने र आगामी दिनमा यस्ता घटना हुन नदिन गर्नुपर्ने उपाय सुझाउने।'

पुस्तक जलाइएको घटना के हो

मोरङको बूढीगङ्गामा भूतपूर्व प्रधानमन्त्री तथा नेकपा एमालेका नेता मनमोहन अधिकारीको नाममा स्थापना गरिएको मनमोहन प्राविधिक विश्वविद्यालयको केन्द्रीय क्याम्पसमा सी जिन्पिङको तस्बिर अङ्कित पुस्तक जलाइएको भिडिओ 'लाइभ न्यूज रफ्तार' नामक फेसबुक पेजमा राखिएको थियो।

उक्त मिडियाका सञ्चालक सोनुकुमार दासले पुस्तकहरू जलाइएको भिडिओ फेसबुकमा प्रत्यक्ष प्रसारण गरिएको बताएका छन् । प्रमुख जिल्ला अधिकारीको आग्रहपछि अहिले फेसबुक पेजबाट भिडिओ हटाइएको जानकारी पेजमा राखिएको छ।

क्याम्पस प्रशासनका अनुसार घटना फागुन ३० गते शनिवारको हो।

'विद्यार्थीहरूलाई अध्ययन गराउने तीन वटामध्ये एउटा प्रयोगशालामा पुराना किताब र अन्य सामग्रीहरू पनि थिए। विद्यार्थीलाई पठनपाठन गराउन हामीलाई वर्कशप चाहियो । त्यस कारण चाहिने सामान सुरक्षित तरिकाले राख्ने र नचाहिने चिज छानेर हटाउने भनेर निर्णय गरेका थियौँ,' विश्वविद्यालयका मुख्य अधिकृत सुजन भुर्तेलले बीबीसीसँग भने।

'जति राम्रो अवस्थामा छन् तिनलाई हामीले सुरक्षित रूपमा राखेकै छौँ । खास चाहिँ धमिरा लागेका मक्किएकाहरूलाई धुल्याइने एउटा विधि अनुसार नष्ट गर्ने क्रममा ती किताब पनि परेका रहेछन्।'

भुर्तेलले चैत १ गते जारी गरेको विज्ञप्तिअनुसार स्कूल अफ इन्जिनिअरिङअन्तर्गत रहेको सिभिल इन्जिनिअरिङ विभागमा प्रयोगशाला बनाउन उक्त स्थान खाली गरी सरसफाइ तथा व्यवस्थापन गर्ने कार्य गरिएको उल्लेख छ।

'सरसफाइको कममा पूर्ण रूपमा बिग्रेका एवम् अन्य कवाडी सामग्रीको व्यवस्थापन गर्ने क्रममा मक्किएका, बिग्रिएका तथा धमिरा लागेका केही पुस्तकहरू नष्ट भएका हुन्। राम्रो अवस्थामा रहेका पुस्तक तथा सामग्रीहरू भने छुट्ट्याई सुरक्षित रूपमा राखिएको बेहोरा जानकारी गराउँदछौँ,' विज्ञप्तिमा भनिएको छ।

विश्वविद्यालयले विशेष पुस्तक वा सामग्रीलाई लक्षित गरेर नष्ट नगरिएको दाबी गरेको छ।

'नियतवश होइन, अरू पनि पुस्तक छन्। तिनलाई धमिराले असर नगरोस् भनेर मक्किएका, धमिरा लागेका नष्ट गर्ने भुरा भएको थियो,' भुर्तेल भन्छन्।

विश्वविद्यालयमा कसरी पुगे सीका हजारौँ पुस्तक

उक्त स्थानमा विश्वविद्यालय स्थापना हुनुअघि मनमोहन प्रतिष्ठान सञ्चालनमा रहेको र शिक्षालयमै सीका ती पुस्तकहरू आएको प्रशासनले जनाएको छ।

'पहिले ९–१० वर्षअघि यहाँ प्रतिष्ठान थियो, त्यहाँ भरतमोहन अधिकारीहरू हुनुहुन्थ्यो । प्रतिष्ठानमै आएका हुन सक्छन्,' मुख्य अधिकृत भुर्तेल भन्छन्।

चिनियाँ राष्ट्रपतिका पुस्तकहरू अध्ययन तथा वितरणका लागि पुराना कम्युनिस्ट नेताको नाममा स्थापना भएको प्रतिष्ठानलाई उपहार दिइएको आकलन अधिकारीहरूको छ।

प्रतिष्ठानले बाँडेर बाँकी रहेका पुस्तकहरू विश्वविद्यालयमा रहेका प्रशासनले जनाएको छ । जिल्ला प्रशासन कार्यालयलाई दिएको आन्तरिक छानबिन प्रतिवेदनमा विश्वविद्यालयले अझै उक्त पुस्तकका हजारौँ प्रति रहेको जनाएको छ।

'अझै पनि हामीसँग १०–१२ हजार वटाभन्दा धेरै किताबहरू छन्,' भुर्तेल भन्छन्।

चीनले के भन्यो

राष्ट्रपति सी जिन्पिङद्वारा चीनको शासनबारे लिखित पुस्तक जलाइएका विवरणबारे काठमाण्डूस्थित चिनियाँ दूतावासले परराष्ट्र मन्त्रालयमार्फत् आपत्ति जनाउँदै कानूनी कारबाहीको माग गरेको अधिकारीहरूले बताएका छन्।

परराष्ट्र मन्त्रालयले उक्त विषयमा गृह मन्त्रालयको ध्यानाकर्षण गराएको थियो।

गृहमन्त्री ओमप्रकाश अर्यालले घटनाबारे छानबिन गरेर दोषीलाई कारबाहीको दायरामा ल्याउन निर्देशन दिएको मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले बताए।

'के विषय हो सत्यतथ्य पत्ता लगाएर दोषीलाई कानूनी कारबाही गर्ने निर्देशन गृह मन्त्रालयबाट भएको छ,' काफ्लेले भने।

गृह मन्त्रालयको निर्देशनपछि जिल्ला प्रशासन कार्यालयले छानबिन समिति गठन गरेको प्रमुख जिल्ला अधिकारी कट्टेलले बताएका छन्।

'सार्वभौम मुलुकको राष्ट्रप्रमुख, त्यसमाथि पनि छिमेकी राष्ट्रको राष्ट्रप्रमुखको पुस्तक नियोजित रूपमा जलाइएको भन्ने प्रारम्भिक छानबिनमा देखिँदैन । त्यो कसरी हुन गयो भन्ने विषयमा उहाँहरूले पनि छानबिन गरिरहेका छौँ भन्नुभएको छ,' कट्टेल भन्छन्।

क्याम्पसले लिखित निर्णय नै गरेर काम नलाग्ने कुराहरू धुल्याइने उल्लेख गरेका कारण पुस्तक जलाएको विषय नियोजित नभएको आफ्नो आकलन रहेको अधिकारीहरूले बताएका छन्।

# राष्ट्रिय पुँजी निर्माणमा केन्द्रित हुन आवश्यकः अर्थमन्त्री



**काठमाडौँ ।**
अर्थमन्त्री रामेश्वरप्रसाद खनालले उपलब्ध तरलतालाई उत्पादनशील क्षेत्रमा परिचालन गरी राष्ट्रिय पुँजी निर्माणमा केन्द्रित हुनुपर्ने बताएका छन् ।

नागरिक लगानी कोषको ३६औँ वार्षिकोत्सव कार्यक्रममा अर्थमन्त्री खनालले हाल बैंकिङ प्रणालीमा ब्याजदर घटेको र तरलता पर्याप्त रहेको अवस्थामा त्यसलाई उत्पादनमुखी क्षेत्रमा लगानी गर्नुपर्ने आवश्यकता औँल्याए ।

उनले ठूला पूर्वाधार तथा दीर्घकालीन लगानी आवश्यक पर्ने आयोजना अघि बढाउनुपर्ने बताउँदै बूढीगण्डकी जलविद्युत् आयोजनाजस्ता परियोजनामा सार्वजनिक–निजी साझेदारी (पिपिपी) मोडलमार्फत लगानी बढाउन सकिने गरी प्रक्रिया अगाडि बढाइएको जानकारी दिए । निष्क्रिय पुँजीलाई उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्नेमा उनले जोड दिएका छन् । अर्थमन्त्री खनालले मध्यपूर्व क्षेत्रमा देखिएको द्वन्द्वले नेपालको आपूर्ति श्रृङ्खलामा असर पर्न सक्ने र मूल्यवृद्धि जस्ता समस्या आउन सक्ने भन्दै त्यसलाई समाधान गर्न आगामी दिनमा विशेष ध्यान दिनुपर्ने धारणा राखेका छन् ।

अहिले शोधनान्तर र चालु खाता बचतमा छन्, गत आर्थिक वर्षको तुलनामा सरकारी राजस्व पनि बढेको छ, उनले भने,धेरै आर्थिक सूचकहरू सुधारोन्मुख छन् । अब लगानीकर्ताको हातमा पुँजी पुग्ने वातावरण सिर्जना गर्नुपर्ने बेला आएको छ । उनले वैकल्पिक वित्त परिचालनसम्बन्धी कानुन शीघ्र निर्माण गर्नुपर्ने आवश्यकता औँल्याउँदै विभिन्न अवकाश कोषमा लागिरहेको करको विषयमा पुनर्विचार गरिनुपर्ने बताएका छन् ।

समान प्रकृतिको आम्दानी तथा सामाजिक सुरक्षासम्बन्धी रकममा न्यून कर लगाउनुपर्नेमा अर्थमन्त्री खनालले जोड दिएका छन् । सरकारी स्वामित्वका धेरै संस्थाहरू समस्याग्रस्त हुने गरेको उल्लेख गर्दै नागरिक लगानी कोषले व्यवसायिक सफलता हासिल गर्न सफल भएको उनले बताएका छन् । नेपाल वायुसेवा निगममा कोषबाट प्रवाहित कर्जाको असुलीका विषयमा पनि सरकारको नीतिगत जमानीको आधारमा उपयुक्त विकल्प खोज्नुपर्ने उनको भनाइ छ ।

कोषले लगानी गर्दा जोखिम व्यवस्थापनमा सचेत हुनुपर्ने उल्लेख गर्दै विभिन्न अवकाश कोषको सम्पत्ति–दायित्व व्यवस्थापनका लागि दीर्घकालीन ऋणपत्र जारी गर्न आवश्यक रहेको उनले बताएका छन् ।

कार्यक्रममा नागरिक लगानी कोषका अध्यक्ष तुलसीप्रसाद घिमिरेले उच्च तथा दिगो आर्थिक विकासका लागि कोषले महत्त्वपूर्ण भूमिका खेल्दै आएको बताएका छन् । उनले उत्पादनशील तथा पूर्वाधार क्षेत्रमा लगानी विस्तार गर्न आवश्यक रहेको उल्लेख गर्दै कोषले विभिन्न बचत योजनाहरू सफलतापूर्वक कार्यान्वयन गरिरहेको जानकारी दिएका छन् । नियामक निकायको मार्गदर्शन र कर्मचारीको समर्पणका कारण कोषले व्यावसायिक प्रगति हासिल गर्न सकेको उनको भनाइ छ ।

नागरिक लगानी कोषका कार्यकारी निर्देशक पर्वतकुमार कार्कीले कोषको लगानीलाई विविधीकरण गर्न आवश्यक रहेको बताए । उनले कोषले सङ्कलित रकमलाई विभिन्न क्षेत्रमा लगानी गर्दै आएको जानकारी दिएका छन् । हाल कोषको करिब आधा हिस्सा बैंक तथा वित्तीय संस्थामा मुद्दती निक्षेपका रूपमा लगानी गरिएको, करिब २२ प्रतिशत सापटी तथा कर्जामा र विभिन्न संस्थाका शेयरमा लगानी रहेको उनले बताए ।

उनका अनुसार करिब आधा लगानी बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेपमा रहेको र ब्याजदरमा आएको गिरावटका कारण कोषको नाफामा पनि असर पर्नसक्ने देखिएको छ । लगानी विविधीकरण हुन नसके आम्दानीमा गिरावट आउने जोखिम रहेको उनको भनाई छ ।

कार्यकारी निर्देशक कार्कीले सरकारले प्राथमिकतामा राखेका पूर्वाधार तथा उत्पादनशील क्षेत्रमा लगानी बढाउनुपर्ने आवश्यकता औँल्याए । कोषले सबै प्रदेशमा शाखा सञ्जाल विस्तार गर्दै सेवा प्रवाहमा डिजिटल प्रविधिको प्रयोग बढाएको पनि उनले बताएका छन् । आन्तरिक सुशासन, पारदर्शी तथा अद्यावधिक हिसाब प्रणालीलाई सुदृढ गर्दै कोषलाई दिगो प्रतिफल दिने संस्थाका रूपमा विकास गर्ने लक्ष्य रहेको उहाँले उल्लेख गरेका छन् । साथै ठूलो आयोजनामा लगानी गर्नसक्ने सक्षम संस्थाका रूपमा कोष विकास हुँदै गएको उनको भनाइ छ ।

उनले नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषका काममा केही समानता रहेको उल्लेख गर्नुहुँदै त्यसमा स्पष्टता आवस्यक रहेको बताएका छन् । नेपाल वायुसेवा निगममा करिब रु २२ अर्ब लगानी गरिएको र उक्त रकम असुलीमा केही कठिनाइ देखिएको जानकारी दिँदै उहाँले सरकारको ग्यारेन्टीमा ऋण प्रवाह भएकाले त्यसको व्यवस्थापनमा पहल भइरहेको बताए ।

कार्यक्रममा नेपाल बैंकर्स सङ्घका अध्यक्ष सन्तोष कोइरालाले पनि दीर्घकालीन तथा सुरक्षित प्रतिफलका लागि कोषको लगानीलाई विविधीकरण गर्नुपर्ने बताएका छन् । कोषले मुद्दती निक्षेपमा मात्रै सीमित नभई ऋणपत्रलगायत विभिन्न वित्तीय उपकरणमा लगानी विस्तार गर्न आवश्यक रहेको उनले उल्लेख गरेका छन् ।

ब्याजदर कहिलेकाहीँ अत्यधिक बढ्ने र कहिले घट्ने भएकाले लगानीलाई दीर्घकालीन रूपमा सुरक्षित बनाउन विभिन्न उपकरण प्रयोग गर्नुपर्ने उहाँको भनाइ छ । उनका अनुसार हाल बैंकिङ क्षेत्रमा करिब रु ७७ खर्ब निक्षेप सङ्कलन भएको छ भने करिब रु ५८ खर्ब कर्जा लगानी रहेको छ । चालु आर्थिक वर्षमा बैंकिङ क्षेत्रको विस्तार दर भने करिब तीन दशमलव नौ प्रतिशत हाराहारीमा मात्रै सीमित रहेको उहाँले जानकारी दिनुभयो । अध्यक्ष कोइरालाले पछिल्लो समय बैंकहरूले प्रवाह गरेको ऋण उठाउन पनि चुनौती देखिएको बताएका छन् । रासस

# पशुपतिनाथको दर्शनसहित रुद्राभिषेक पूजा



**काठमाडौँ ।**
प्रधानमन्त्री सुशीला कार्कीले आज बिहान पशुपतिनाथको दर्शन गरी रुद्राभिषेक पूजाअर्चना गरेकी छन् । प्रधानमन्त्री कार्कीले निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न भएपछि आराध्यदेव पशुपतिनाथको दर्शन गरी पूजाअर्चना गरेकी हुन् ।

सो अवसरमा प्रधानमन्त्रीले मुलुकलाई शान्ति र स्थायित्वको मार्गमा अग्रसर गराउन सबैतर्फबाट साथ, सहयोग प्राप्त भएकोमा कृतज्ञता व्यक्त गरिन् । यसैगरी उनले आगामी दिनमा देश थप उन्नतिको मार्गतर्फ अग्रसर होस् र सबै नेपालीबीच एकता, सद्भाव र आत्मीयताको भावना बलियो बन्दै जाओस् भनी कामना गरेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

सो अवसरमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री अनिलकुमार सिन्हा, पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव प्रकाशमणि शर्मा, कार्यकारी निर्देशक सुवास जोशीलगायतको उपस्थिति थियो । रासस

# प्रधानमन्त्रीद्वारा नेकपालाई धन्यवाद

**काठमाडौँ ।**
प्रधानमन्त्री सुशीला कार्कीले नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का नेतालाई निर्वाचन सफल पार्न सहयोगी भूमिका निर्वाह गरेकामा धन्यवाद दिएकी छन् ।



नेकपाका संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, नारायणकाजी श्रेष्ठ, वर्षमान पुनलगायत नेता बुधबार प्रधानमन्त्रीको निमन्त्रणामा बालुवाटार पुगेका थिए । उनीहरूबीच हालै सम्पन्न प्रतिनिधिसभाको निर्वाचन र समसामयिक राजनीतिक विषयमा पनि छलफल भएको प्रधानमन्त्रीका प्रेस सल्लाहकार रामबहादुर रावलले जानकारी दिए । उनले निर्वाचनमा विजय भएका नेताहरूलाई बधाई पनि दिएको प्रेस सल्लाहकार रावलले बताए ।

प्रधानमन्त्री कार्कीले भनिन्, तपाईंहरूले निर्वाचनमा भाग लिए । यो निर्वाचनको पक्षमा सकारात्मक वातावरण बनाए र मुलुकलाई शान्तिपूर्ण र लोकतान्त्रिक विधिबाट निकास दिन सहयोगी भूमिका निर्वाह गरे । यसका निम्ति सबैलाई धन्यवाद छ । निर्वाचित प्रतिनिधिसभा सदस्यलाई बधाई तथा सफल कार्यकालको शुभकामना छ ।

भेटका क्रममा नेकपाका संयोजक दाहालले भने, “यो निर्वाचन नभएको भए मुलुक अर्को ठूलो दुर्घटनामा जान सक्ने सम्भावना थियो । यसमा जुन साहस र मेहनतका साथ तपाईंले काम गर्नुभयो, यो निकै महत्त्वपूर्ण र प्रशंसालायक छ ।” सुरुकै दिनदेखि आफू र आफ्नो पार्टी निर्वाचनको पक्षमा उभिएको पनि उनले स्मरण गरे ।

अस्तव्यस्त अवस्थामा रहेको मुलुकलाई सम्हालेर छ महिनाभित्रै चुनाव गराउने कार्य निकै चुनौतीपूर्ण भए पनि प्रधानमन्त्री कार्कीको छवि, इमान र दृढताका कारण सम्पन्न भएको उनीहरूको भनाइ छ ।

यसअघि प्रधानमन्त्री कार्कीले नेपाल कम्युनिष्ट पार्टी (एमाले)लगायत राजनीतिक दलका नेता तथा प्रतिनिधिलाई भेट गरी निर्वाचन सफल पार्न सहयोगी भूमिका निर्वाह गरेकामा धन्यवाद दिइसकेको उनको सचिवालयले जनाएको छ । रासस

# रास्वपाको योजना समग्र देशको विकास गर्नु होः लामिछाने

**ललितपुर ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले रास्वपाको योजना समग्र देशको विकास गर्नु रहेको बताएका छन् । रास्वपाद्वारा ललितपुरमा नवनिर्वाचित सांसदका लागि आयोजित अभिमुखीकरण तथा परिचयात्मक कार्यक्रमको समापन समारोहलाई बुधबार सम्बोधन गर्दै उनले सांसदले आफ्नो क्षेत्रको विकास गरेर मात्रै देशले न्याय नपाउने भएकाले समग्र मुलुकको विकासमा केन्द्रित हुन सबैलाई निर्देशन दिएका छन् ।




सभापति लामिछानेले जनताले दिएको जिम्मेवारी आफूहरूको काँधमा आइपुगेको भन्दै जिम्मेवार भई जनहितमा काम गर्न सबैलाई आग्रह गरे । संसद्को लोगो लगाएपछि पनि महत्त्वपूर्ण जिम्मेवारी निर्वाह गर्नुपर्छ, पारदर्शिता राजनीतिको महत्त्वपूर्ण पक्ष हो । सांसद निर्वाचित भएको व्यक्तिको जनतासँग सधैँ असल सम्बन्ध हुनुपर्छ, जनतासँग सुमधुर सम्बन्ध भएको नेतृत्व बन्नुस्, पाँच वर्ष जनताले आत्मसात् गर्नसक्ने, तपाईंको सम्बन्धले हरेक दिन उत्सव मनाउन सक्ने बनाउनुपर्छ, उनले भने । रास्वपालाई जनाताले कानुन बनाउने जिम्मेवारी दिएका भन्दै सभापति लामिछानेले कानुन निर्माताका रूपमा गहन जिम्मेवारी छन् भन्ने सबैले बुझ्नुपर्ने धारणा राखे ।

उनले भने, बाहना बनाउन नपाउने गरी जनताले जिम्मेवारी दिएका छन्, पुराना राजनीतिक दललाई जनताले ३६ वर्ष कुरेँ, हामीलाई ३६ महिना पनि कुर्दैनन् । हामीले आफूलाई केन्द्रमा राखेर हैन, जनता र देशलाई केन्द्रमा राखेर काम गर्नुपर्छ । सभापति लामिछानेले पार्टी जन्मेदेखि मुद्दा चलेको स्मरण गर्दै आफूहरूले संरक्षण गर्दै यहाँसम्म पुगेकाले आगामी दिनमा यसलाई थप मजबुत बनाउने जिम्मेवारी हाम्रै रहेको धारणा राखेका छन् । उनले भने, नागरिकको चेतनामाथि विश्वास गरेर हामी अगाडि बढ्छौँ । विचौलियासँग बसेर चिया खानु अगाडि सहिदको बलिदानलाई सम्झिनु होला ।

यो सामान्य निर्वाचनबाट आएको जनमत नभएको भन्दै सभापति लामिछानेले विशेष परि िस्थमा जनतालाई रास्वपालाई विश्वास गरेकाले जिम्मेवारीबोध भई काम गर्न सबैलाई आग्रह गरे । वैदेशिक सम्बन्धमा आँच आउने खालका सार्वजनिक अभिव्यक्ति नदिनुहोला, प्रभावकारी रूपमा सांसदको जिम्मेवारी निर्वाह गर्नुहोला । मत दिएका जनताको चुलो बल्ने व्यवस्था मिलाउनु होला, सरकारी अस्पतालमा उपचार गराउनु होला, सादगी जीवनशैली अपनाउनुहोला, उनले भने ।

सभापति लामिछानेले पार्टीले उठाएको ‘राइट टु रिकल’को व्यवस्थालाई यसपटक कडाइका साथ लागू गर्नुपर्नेमा जोड दिँदै अनुशासित भएर स्वतन्त्रताको उपयोग गर्न सबैलाई मार्गनिर्देश गरे । तपाईंको माध्यमबाट तपाईंको क्षेत्रका जनताले सुख पाउनुपर्छ । तपाईं अध्ययनशील हुनुपर्छ, नागरिकसँग सधैँसँगै हुनुपर्छ । संसद् चलेको समयबाहेक तपाईं नागरिकसँग हुनुपर्छ । पार्टीले ज्ञान सीप र क्षमता हेरेर मन्त्री बनाउँछ, उनले भने । उनले देशको सबैभन्दा ठूलो समस्या सामाजिक न्याय भएकाले त्यसका लागि पैरवी गर्नुपर्नेमा जोड दए ।

सामाजिक न्याय नभएको समाज मानिस बस्ने समाज हैन, एउटा चुनावबाट अर्को चुनाव हैन एउटा पुस्ताबाट अर्को पुस्ताका लागि हामी लडेका हाँ ै, सभापति लामिछानेले भने, वर्तमान व्यवस्था र संविधानप्रति हामी प्रतिबद्ध छौँ । हामी विजयी हुनु भनेको जिम्मेवार हुनु हो, त्यसैले अनुशासित भएर आआफ्नो जिम्मेवारी निर्वाह गर्नेछौँ ।

सभापति लामिछानेले अब सुशासनको क्षेत्रमा नयाँ मानक कायम हुने विश्वास व्यक्त गरे । उनले पार्टीबाट निर्वाचित सांसदहरूलाई देशको संविधान, संसद्को नियमावली र पार्टीको विधानअनुसार मुलुक र जनताप्रति इमानदार भएर काम गर्न आग्रह गरे । नेपाल लगानीका लागि सुरक्षित देश हो भनेर अन्तरराष्ट्रिय समुदायलाई आश्वस्त पार्न चाहान्छौँ, उनले भने । रासस

# राष्ट्रपति पौडेलद्वारा घोडेजात्रा अवलोकन

काठमाडौँ ।
राष्ट्रपति रामचन्द्र पौडेलले घोडेजात्रा २०८२ का अवसरमा नेपाली सेनाद्वारा बुधबार सैनिक मञ्च टुँडिखेलमा आयोजित विशेष समारोहको अवलोकन गरेका छ । सो अवसरमा नेपाली सेनाको टुकडीले उहाँको सम्मानमा सलामी अर्पण गरेको थियो ।



समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री सुशीला कार्की, राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहाल, मन्त्रिगण, यहाँस्थित कूटनीतिक नियोगका प्रमुख एवम् प्रतिनिधिलगायत उच्च पदस्थ अधिकारी सहभागी रहेको थियो ।

त्यस अवसरमा राष्ट्रपति पौडेलले नेपाली सेनाद्वारा प्रदर्शन गरिएको अश्वकलाको अवलोकन गरेका छन् । समारोहमा घोडा दौड, घोडा जम्प, चार्जर घोडा दौड, घोडाको ऐतिहासिक प्रयोग, घोडचढीबाट हमला, फायर जम्पलगायत विभिन्न रोचक कला प्रदर्शन गरिएका थिए । घोडाले गर्ने सामान ओसारपसार, यात्राको साधन, कृषि, शिकार, लडाइँ, उत्सव, खेलका झलक पनि कार्यक्रममा देखाइएका थिए । त्यस अवसरमा कुकुरबाट पनि विभिन्न कला प्रदर्शन गराइएका थिए । प्रदर्शनमा उत्कृष्ट हुनेलाई राष्ट्रपति पौडेलले पुरस्कार प्रदान गरेका छन् ।

प्रत्येक वर्ष चैत्र कृष्ण औँसी तिथिमा काठमाडौँ उपत्यकामा परम्परागत घोडेजात्रा पर्व विविध कार्यक्रमसहित मनाउने गरिन्छ ।

किंवदन्तीअनुसार टुँडिखेलको पूर्व–दक्षिण दिशामा रहेको एउटा रूखमा बास गर्ने गुरुमापा भन्ने राक्षसले सहरका बालबालिकालाई खाने गरेकाले पीडित स्थानीयवासीले विभिन्न उपायले त्यसलाई संहार गरे पनि उसको प्रेतात्मा फेरि जागा भई बालबालिकालाई अनिष्ट गर्नसक्ने भय तिनमा रहिरह्यो । यसै कारण प्रत्येक वर्ष चैत्र कृष्ण औँसीका दिन घोडेजात्रा गरी गुरुमापाको आत्मालाई घोडाको टापले कुल्चाएर दबाउने गरिएको हो । साथै सहरका कुनै पनि बालबालिकामाथि खतरा नहोस् भनी आजै राति त्यही रूखको फेदमा गुरुमापालाई खानेकुरा पनि दिइन्छ । आजकै दिन ललितपुरमा पनि एउटा कानो घोडा दौडाएर घोडेजात्रा मनाउने परम्परा रहेको जनाइएको छ । रासस

# रुद्राक्ष खेतीबाट मनग्य आम्दानी



**भोजपुर ।**
भोजपुरका किसानका लागि रुद्राक्ष खेती बलियो आम्दानीको स्रोत बनेको छ । विशेष गरी दिङ्ला क्षेत्रमा अधिकांशले रुद्राक्षलाई मुख्य आम्दानीको माध्यमका रूपमा अपनाएका छन् । यहाँका किसानले रुद्राक्ष बिक्रीबाट लाखौँ आम्दानी गर्दै आएका छन् ।

रुद्राक्ष व्यवसायी सङ्घका केन्द्रीय अध्यक्ष मनोज चापागाईंका अनुसार भोजपुरमा रुद्राक्ष कारोबारबाट वार्षिक एक अर्बको हाराहारीमा रकम भित्रिने गरेको छ । राम्रो गुणस्तर, आकार र दुर्लभ मुख भएका रुद्राक्षको मूल्य अत्यधिक हुने भएकाले किसानले यसबाट पर्याप्त आर्थिक लाभ लिनसक्ने अवस्था रहेको उनको भनाइ छ ।

अध्यक्ष चापागाईंका अनुसार राम्रो आकारको २१ मुखे रुद्राक्षको एउटै दाना प्रतिगोटा ५५ लाखदेखि ६० लाखसम्ममा बिक्री हुने गर्दछ । रुद्राक्षमा देखिने प्राकृतिक धर्सा वा रेखाका आधारमा यसको 'मुख' निर्धारण गरिन्छ । सामान्यतया आठदेखि २९ मुखसम्मका दानालाई मुखदार रुद्राक्ष मानिन्छ । व्यापारीका अनुसार रुद्राक्षको मुखको संख्या जति धेरै हुन्छ, त्यति नै दुर्लभ र मूल्यवान मानिने भएकाले यसको बजार मूल्य सोहीअनुसार उच्च हुने गर्दछ ।

दिङ्ला क्षेत्रमा यस वर्ष एउटा २९ मुखे रुद्राक्षसमेत फलेको अध्यक्ष चापागाईंले जानकारी दिए । २९ मुखे रुद्राक्ष दुर्लभ मानिने भएकाले यसको मूल्य निकै महँगो हुने गर्दछ । धार्मिक तथा आध्यात्मिक महत्वका कारण यस्ता दुर्लभ रुद्राक्षको माग स्वदेशमा मात्र नभई विदेशमा उच्च रहेको छ । दिङ्लाका एक किसानले रुद्राक्षबाट वार्षिक रूपमा न्यूनतम एक लाखदेखि अधिकतम ५० लाखसम्म आम्दानी गर्ने गरेको उनले बताए । गत वर्ष मात्र भोजपुरबाट करिब २१ लाख किलो रुद्राक्ष बिक्री भएको तथ्याङ्क रहेको अध्यक्ष चापागाईंले बताए । 'करिब ६ लाख किलो रुद्राक्ष चीनतर्फ निर्यात भएको थियो । बाँकी भारतमा निर्यात गरिएको तथ्याङ्क छ', उनले भने ।

रुद्राक्षको मूल्य निर्धारण यसको मुख, तौल, आकार, गुणस्तर र दुर्लभताको आधारमा हुने गर्दछ । राम्रो आकार, स्पष्ट मुख र कम दोष भएका दानाको मूल्य बजारमा धेरै हुने गर्दछ । भोजपुरमा करिब ३० हजारदेखि ४० हजार किसान प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा रुद्राक्ष खेतीमा आबद्ध रहेको रुद्राक्ष व्यवसायी सङ्घले जनाएको छ ।

दिङ्ला क्षेत्रका किसानले उत्पादन गरेको रुद्राक्ष खरिद गर्न चीनका व्यापारी घर–घरमासमेत आउने गरेका छन् । यो क्षेत्रमा रुद्राक्ष अत्याधिक उत्पादन हुने भए पनि यसको प्रमुख प्रारम्भिक बजार भने सङ्खुवासभाको खाँदबारी र तुम्लिङटार रहेको छ । यहाँका किसानले उत्पादन गरेको रुद्राक्ष ती बजारमा लगेर बिक्री गर्ने गरेका छन् । खाँदबारीबाट भने रुद्राक्ष तराईका विभिन्न जिल्ला, काठमाडौँ तथा चीन र भारतसम्म निर्यात हुने गरेको छ । पछिल्लो समय युरोप, अमेरिकालगायतका मुलुकमासमेत नेपाली रुद्राक्षको माग बढ्दै गएको व्यापारीहरू बताउँछन् ।

इतिहासका अनुसार भोजपुरमा रुद्राक्ष खेतीको सुरुवात धेरै पुरानो मानिन्छ । १९३२ सालभन्दा अघि भारतको काशीबाट ल्याएर बालागुरु षडानन्द अधिकारीले दिङ्ला क्षेत्रमा रुद्राक्षको बिरुवा रोपेको पाइएको छ । त्यसपछि यहाँ क्रमशः यसको विस्तार हुँदै गएको स्थानीय बताउँछन् । अहिले भोजपुरको दिङ्ला क्षेत्र नेपालकै प्रमुख रुद्राक्ष उत्पादन केन्द्रका रूपमा चिनिन्छ ।

रुद्राक्षले धार्मिक तथा आध्यात्मिक रूपमा पनि विशेष महत्व राख्छ । हिन्दू धर्मावलम्बीले रुद्राक्षलाई भगवान् शिवसँग सम्बन्धित पवित्र वस्तुका रूपमा लिने गर्छन् । त्यसैले पूजा, जपमाला तथा विभिन्न धार्मिक अनुष्ठानमा यसको प्रयोग हुने गर्दछ । सामान्यतया कालो रङको रुद्राक्षलाई सबैभन्दा राम्रो मानिन्छ । जुन रुद्राक्षमा प्वाल नपारीकन नै धागो छिराउन सकिन्छ । प्राकृतिक रूपमा बनेका यस्ता दाना दुर्लभ हुने भएकाले यसको मूल्य धेरै हुने गर्दछ ।

भोजपुरको षडानन्द नगरपालिकाअन्तर्गत नेपालेडाँडा, कुदाकाउले, देउराली, मुलपानी, केउरेनीपानी लगायतका स्थानमा रुद्राक्ष खेती व्यापक रूपमा हुँदै आएको छ । यसबाहेक जिल्लाका अन्य विभिन्न स्थानमा पनि यसको उत्पादन बढ्दै गएको छ । यद्यपि किसानले रुद्राक्ष खेतीसँगै समस्या पनि भोगिरहेका छन् । विशेष गरी राम्रो दाना चोरी हुने, रुद्राक्षका बोट काटिदिने जस्ता समस्या बढ्दै गएको किसानको गुनासो छ । यसको संरक्षण तथा व्यवस्थित बजार व्यवस्थापन गर्न सकेमा रुद्राक्ष खेती अझ बढी लाभदायक बन्न सक्ने स्थानीयको भनाइ छ । उचित संरक्षण, बजार व्यवस्थापन र प्रवर्द्धन गर्न सकेमा रुद्राक्षले भोजपुरका किसानको आर्थिक अवस्था सुधार गर्न महत्वपूर्ण भूमिका खेल्ने छ । रासस

# श्रीलङ्काः राति इभी चार्जमा रोकको आग्रह



**कोलम्बो ।**
ऊर्जा सङ्कट चर्किंदै गएपछि श्रीलङ्काले विद्युतीय सवारी साधन (इभी) प्रयोगकर्तालाई रातिको समयमा गाडी चार्ज नगर्न आग्रह गरेको छ । बढ्दो विद्युत् मागले देशको विद्युत् प्रणालीमा दबाब सिर्जना गरेपछि यस्तो अपिल गरिएको हो ।

राष्ट्रका नाममा सम्बोधन गर्दै राष्ट्रपति अनुरा कुमार दिसानायकले राति घर फर्किएपछि धेरै इभी प्रयोगकर्ताले गाडी चार्ज गर्दा ग्रिडमा करिब ३०० मेगावाट अतिरिक्त माग थपिएको बताएका छन् । उनका अनुसार यसले विद्युत् आपूर्तिमा असन्तुलन ल्याउँदै सबै उपलब्ध उत्पादन स्रोत सञ्चालन गर्नुपर्ने अवस्था सिर्जना गरेको छ ।

रातिको समयमा श्रीलङ्काले करिब ९०० मेगावाट कोइला र १,००० मेगावाट डिजेलबाट विद्युत् उत्पादन गर्दै आएको छ । यसलाई वातावरणमैत्री विकल्प नभएको स्वीकार गरिएको छ । यसले इभीलाई स्वच्छ ऊर्जाको प्रतीक मानिने धारणा विपरीत अवस्था सिर्जना गरेको देखिएको छ । देशमा पर्याप्त मात्रामा सौर्य ऊर्जा उत्पादन भए पनि ठूलो स्तरको ब्याट्री भण्डारण प्रणाली नहुँदा दिनमा उत्पादन भएको अतिरिक्त ऊर्जा सुरक्षित गर्न नसकिएको सरकारको भनाइ छ । त्यसैले राष्ट्रपति दिसानायकले नागरिकलाई दिनको समयमा सौर्य ऊर्जाको उपयोग गर्दै गाडी चार्ज गर्न आग्रह गर्नुभयो । साथै, रातिको चार्जिङ नियन्त्रण गर्न चाँडै शुल्क प्रणाली लागू गर्ने योजना पनि बनाइएको जनाइएको छ ।

पछिल्लो समय श्रीलङ्कामा विद्युतीय सवारीको सङ्ख्या तीव्र रूपमा बढेको छ । गत वर्ष फेब्रुअरीमा पाँच वर्षदेखि लागू गरिएको सवारी आयात प्रतिबन्ध हटाइएपछि आयात गरिएका सवारीमध्ये १० प्रतिशतभन्दा बढी पूर्ण रूपमा विद्युतीय रहेका छन् । मध्यपूर्वमा जारी युद्धका कारण उत्पन्न ऊर्जा सङ्कटले श्रीलङ्कालाई थप प्रभावित पारेको छ । सरकारले इन्धन अभाव नियन्त्रण गर्न रेशनिङ सुरु गरेको छ भने इन्धन बचतका लागि चार दिने कार्यसप्ताह पनि लागू गरेको छ ।

राष्ट्रपति दिसानायकले युद्धका कारण ९० हजार टन कच्चा तेलका दुई ढुवानी प्राप्त गर्न नसकिएको जानकारी दिनुभयो । उहाँले परिष्कृत पेट्रोलियम पदार्थका लागि भारत र रुसजस्ता मित्र राष्ट्रहरूसँग वार्ता भइरहेको पनि उल्लेख गरेका छन् । ऊर्जा बचत अभियानको प्रभाव स्वरूप बुधबार देशका सडकहरू सामान्यभन्दा सुनसान देखिएका छन् भने विद्यालय, सरकारी कार्यालय र बैंक बन्द हुँदा रेल र बस स्टेसनहरूमा पनि कम भीड देखिएको छ । रासस

# कफीको सुगन्धमा बुनिएका युवाका सपना



**धादिङ ।**
चितवनका प्रविन प्रजाको हातमा अहिले कफीको कप मात्र छैन, एउटा सुनौलो भविष्यको खाका पनि छ । कफीको हरेक 'सट' मिलाउँदै गर्दा उनले आफ्नै कफी सप सञ्चालन गर्ने योजना बुनिरहेका छन् ।

धादिङका रोशन बरुवालको सोच अलि फरक छ । उनी यो सीपलाई परदेश जाने बलियो आधार र त्यहाँबाट फर्केर स्वदेशमै लगानी गर्ने पुँजी जुटाउने माध्यम बनाउन चाहन्छन् । विपना पोखरेल भने आफ्नै देशको माटोमा कफीको सुगन्ध फैलाउँदै व्यावसायिक बन्ने अठोटमा छिन् ।

यो दृश्य, धादिङको नीलकण्ठ नगरपालिका– ८ रामकोटस्थित आरोहण शिक्षालयको हो । जहाँ बागमती प्रदेशका २० युवा बारिष्टा अर्थात् कफी बनाउने तालिममा व्यस्त छन् । 'सीप सिकौं, आत्मनिर्भर बनौं' भन्ने नाराका साथ बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयअन्तर्गत सामाजिक विकास कार्यालय गजुरी, धादिङको आयोजनामा यो सीपमूलक कार्यक्रम सञ्चालन भइरहेको हो । तालिममा सहभागी युवामा देखिएको उत्साहले सीपप्रतिको बढ्दो आकर्षणलाई पुष्टि गर्छ । चितवनका प्रजा भन्छन्, 'कफी बनाउनु एउटा आधुनिक कला रहेछ, अब म यही सीपलाई व्यवसायमा बदलेर आफ्नै खुट्टामा उभिन चाहन्छु ।'

धादिङको नीलकण्ठ नगरपालिका– ३ का बरुवालका लागि यो तालिम वैदेशिक रोजगारीमा जानुअघिको पूर्वतयारी हो । 'बाहिर गएर राम्रो कमाउने र पछि नेपालमै फर्केर व्यवसाय गर्ने मेरो धोको छ', तालिमको सैद्धान्तिक कक्षामा उनले भने । सहभागीमध्येकी विपना पोखरेल भने सीप सिकेर स्तरीय कफी सप खोल्ने र अरुलाई रोजगारी दिने सोचमा पुगेकी छन् । आफ्नो उद्देश्य स्पष्ट पार्दै उनी भन्छिन्, 'हातमा सीप र लगानी गर्ने वातावरण भए आफ्नै गाउँ ठाउँ र आफ्नै देशमा काम गरेर आफू पनि स्वरोजगार बन्न सकिन्छ र अरूलाई रोजगारी सिर्जना गर्न सकिन्छ भन्ने मेरो विश्वास छ । म यही लक्ष्यका साथ कफी बनाउने कला सिकिरहेकी छु ।'

युवा बेरोजगार बस्नु नपरोस् र उनीहरूमा प्राविधिक दक्षता आओस् भन्ने उद्देश्यले वारिष्टा तालिम चलाइएको हो । यसले राज्यको लगानीलाई उत्पादनमूलक बनाउनेछ । दक्ष जनशक्ति उत्पादनमा टेवा पुग्नेछ । तालिमले समाजमा पार्ने दीर्घकालीन प्रभावबारे उल्लेख गर्दै सामाजिक विकास कार्यालय गजुरीका प्रमुख रमेश घिमिरे भन्छन्, 'सीपमूलक कार्यक्रमले युवालाई केवल श्रम बजारमा मात्र पठाउँदैन, युवामा आत्मविश्वास भर्दै स्वरोजगारीको ढोका खोल्नेछ ।'

स्थानीयस्तरमै सीपमूलक तालिम प्रदान गर्न स्थानीय सरकारको भूमिका महत्त्वपूर्ण छ । बेरोजगारी समस्या समाधान गर्न र युवालाई उत्पादनसँग जोड्न मद्दत पुगेको नीलकण्ठ नगरपालिका– ८ का वडाध्यक्ष प्रकाशकुमार श्रेष्ठले बताए । सिकेको सीपलाई खेर जान नदिई व्यावसायिक रूपमा अघि बढ्न प्रोत्साहन हुने खालका थप कार्यक्रम ल्याउने उनको भनाइ छ ।

आरोहण शिक्षालय सञ्चालन भइरहेको बारिष्टा तालिम ३९० घण्टा कार्य अवधिको हो । यस अवधिमा सहभागीले कफीको छनोट, रोस्टिङदेखि विभिन्न प्रकारका कफी बनाउने र ग्राहकसँग गरिने व्यवहारसम्बन्धी व्यावहारिक र व्यावसायिक ज्ञान सिकिरहेका छन् । नेपालको वर्तमान परिवेशमा काठमाडौं वा पोखराजस्ता ठूला शहरमा पुगेर व्यावसायिक बारिष्टा तालिम लिन सामान्यतया १५ हजारदेखि ३० हजार रुपैयाँसम्म शुल्क तिर्नुपर्छ भने एड्भान्स कोर्सका लागि ९० हजार रुपैयाँसम्म खर्च गर्नुपर्छ ।

खाने–बस्ने खर्च जोड्दा सामान्य परिवारका युवालाई सीप सिक्न नै चुनौतीपूर्ण बन्ने गर्छ । तर, निःशुल्क तालिमले सहभागी युवाको हौसला बढाएको देखिन्छ । तालिम संयोजक शोभा डंगोल भन्छन्, 'ठूला शहरमा पुगेर हजारौं खर्च गरी सिक्नुपर्ने यो सीपलाई हामीले गाउँघरमै निःशुल्क उपलब्ध गराउँदा विपन्न र जेहेन्दार युवाको पहुँच पुगेको छ ।' तालिम सुरु भएको दिनदेखि नै देखिएको उत्साहले भोलिका दिनमा सहभागी सफल उद्यमी वा दक्ष बारिष्टाको पहिचान बनाउने निश्चित छ । बागमती प्रदेश सरकारको यो प्रयासले युवालाई विदेशपलायन हुनबाट रोक्न र स्वदेशमै अवसर सिर्जना गर्न कोसेढुङ्गा सावित हुने अपेक्षा गरिएको छ । रासस

# समग्र प्रतिवेदन बिहीबार राष्ट्रपतिलाई बुझाइने

**काठमाडौँ ।**
गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को निर्वाचन परिणामसहितको समग्र प्रतिवेदन निर्वाचन आयोगले बिहीबार राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष बुझाउने भएको छ । आयोगले बिहीबार बिहान ११:३० बजे समानुपातिकतर्फ निर्वाचित सांसदलाई प्रमाणपत्र दिएपछि दिउँसो राष्ट्रपतिसमक्ष निर्वाचन परिणामसहितको समग्र प्रतिवेदन बुझाउने गरी तयारी गरेको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले राससलाई जानकारी दिनुभयो ।

समानुपातिक सांसदलाई प्रमाणपत्र दिएर राष्ट्रपति रामचन्द्र पौडेललाई प्रतिवेदन बुझाएपछि आयोगले बिहीबार बेलुकी ५:३० बजे आयोगको केन्द्रीय कार्यालयस्थित मिडिया सेन्टरको हलमा पत्रकार सम्मेलनको आयोजनासमेत गरेको छ । आयोगले निर्वाचन परिणामसहितको समग्र प्रतिवेदन बुझाएपछि नेपालको संविधान, २०७२ को धारा ७६ (१) अनुसारको सरकार गठनका लागि आह्वान गर्ने बाटो खुल्ने जनाइएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले नयाँ सरकार गठनका लागि एकल रूपमा स्पष्ट बहुमत प्राप्त गरेको छ । दुई सय ७५ सदस्यीय प्रतिनिधिसभामा रास्वपाका कुल १८२ सांसद निर्वाचित भएका छन् । प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत समानुपातिकतर्फ निर्वाचित ११० सांसदलाई बिहीबार नै प्रमाणपत्र प्रदान गर्ने तयारी पूरा भएको पनि उहाँले सुनाउनुभयो । कान्तिपथस्थित बहादुर भवनमा रहेको केन्द्रीय कार्यालयमा बिहीबार समानुपातिकतर्फ निर्वाचित सांसदलाई प्रमाणपत्र दिने कार्यक्रम तय गरिएको आयोगले जनाएको छ । कानुनमा तोकिएको 'क्लस्टर' अनुसार समानुपातिकतर्फ निर्वाचित सांसदलाई बिहीबार प्रमाणपत्र वितरण गर्ने गरी तयारी पूरा भएको हो ।

समानुपातिक निर्वाचनतर्फ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट ५७ सांसद निर्वाचित भएका छन् । यसैगरी नेपाली कांग्रेसबाट २०, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत माक्र्सवादी लेनिवादी) बाट १६, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बाट नौ, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट चार÷चार जना सांसद निर्वाचित भएको आयोगले सोमबार नै घोषणा गरिसकेको छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ रास्वपा १२५, कांग्रेस १८, एमाले नौ, नेकपा आठ, श्रम संस्कृति पार्टी तीन, राप्रपा र स्वतन्त्र एक÷एक स्थानमा निर्वाचित भएका छन् । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट १६५ र समानुपातिक निर्वाचन प्रणालीतर्फ ११० गरी प्रतिनिधिसभामा कुल २७५ जना सांसद निर्वाचित हुने संवैधानिक व्यवस्था रहेको छ । रासस

# मध्यपूर्व तनाव चर्किंदै, असर विश्वभर फैलिने सङ्केत




**पेरिस ।**
मध्यपूर्वमा जारी युद्धले अब क्षेत्रीय सीमाभन्दा बाहिर प्रभाव पार्ने स्पष्ट सङ्केत देखिएको छ । इजरायल र इरानबीचको प्रत्यक्ष–अप्रत्यक्ष सैन्य टकरावसँगै खाडी क्षेत्र, अन्तर्राष्ट्रिय शक्ति सन्तुलन र ऊर्जा सुरक्षासमेत प्रभावित हुने अवस्था देखिँदै गएको छ । इजरायली सेनाले बुधबार दक्षिणी लेबनानका चार सहरका बासिन्दालाई तत्काल सुरक्षित स्थानतर्फ जान आग्रह गर्दै इरान समर्थित हिजबुल्लाहविरुद्ध लक्षित आक्रमण हुने चेतावनी दिएको छ । यसअघि नै निकासी चेतावनीपछि मध्य बेरुतमा आक्रमण भएको राज्य सञ्चारमाध्यमहरूले जनाएका छन् । लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार बिना चेतावनी भएका दुई आक्रमणमा कम्तीमा ६ जनाको मृत्यु भएको छ भने २४ जना घाइते भएका छन् । इजरायलले आफ्नो भूमितर्फ भएका रकेट प्रहारको जवाफस्वरूप टायर आसपासका क्षेत्रमा हिजबुल्लाहका लक्ष्यमा निरन्तर आक्रमण गरिरहेको जनाएको छ । यता, इरानले युद्धको असर विश्वव्यापी हुने चेतावनी दिएको छ । इरानी विदेशमन्त्री अब्बास अराघचीले सामाजिक सञ्जालमार्फत प्रतिक्रिया दिँदै विश्वव्यापी प्रतिक्रिया सुरु भइसकेको र यसले सबै वर्गलाई असर गर्ने बताएका छन् । उनले उक्त अभिव्यक्तिसँगै अमेरिकी राष्ट्रिय आतङ्कवाद विरोधी केन्द्रका निर्देशक जोसेफ केन्टको राजीनामापत्रसमेत साझा गरेका छन् ।

ट्रम्प प्रशासनद्वारा नियुक्त केन्टले इरानविरुद्धको युद्धलाई समर्थन गर्न नसक्ने भन्दै आफ्नो पद त्यागेको घोषणा गरेका हुन् । इरानी सैन्य नेतृत्वले पनि कडा प्रतिक्रिया जनाउँदै सुरक्षा प्रमुख अली लारिजानीको हत्याको 'निर्णायक र खेदजनक बदला' लिने चेतावनी दिएको छ । इरानको रिभोलुसनरी गार्ड्सले मध्य इजरायलमा मिसाइल प्रहार गरेको दाबी गर्दै लारिजानीसहित मारिएकाहरूको बदला लिने प्रतिबद्धता व्यक्त गरेको छ । हमासले पनि इरानप्रति ऐक्यबद्धता जनाउँदै यो द्वन्द्वले सम्पूर्ण क्षेत्रको सुरक्षा र स्थिरता जोखिममा पार्ने उल्लेख गरेको छ । इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्ले लारिजानीको मृत्यु पुष्टि गरिसकेको छ ।

खाडी क्षेत्रमा पनि सुरक्षा चुनौती तीव्र बनेको छ । संयुक्त अरब इमिरेट्समा अस्ट्रेलियाली सैन्य मुख्यालय नजिक इरानी प्रक्षेप्य खसेको जानकारी सार्वजनिक भएको छ । साउदी अरेबियाले प्रिन्स सुल्तान एयर बेस नजिक ब्यालेस्टिक मिसाइल रोकेको जनाएको छ भने आठवटा ड्रोनसमेत निष्क्रिय पारेको छ । कुवेत र कतारले पनि रकेट तथा ड्रोन आक्रमणहरू विफल पारेका छन् ।

यसैबिच, अमेरिकी सेनाले होर्मुज जलडमरूमध्य नजिक इरानी क्षेप्यास्त्र केन्द्रहरूमा शक्तिशाली 'बङ्कर बस्टर' बम प्रयोग गरी आक्रमण गरेको जनाएको छ । यो क्षेत्र विश्व ऊर्जा आपूर्तिका लागि अत्यन्त संवेदनशील मानिन्छ, जसले द्वन्द्वको आर्थिक प्रभावलाई अझ गम्भीर बनाएको छ । इजरायलतर्फ पनि क्षति बढ्दो छ । तेल अभिव नजिक इरानबाट प्रहार गरिएको मिसाइल आक्रमणमा थप दुई जनाको मृत्यु भएको छ, जससँगै यस प्रकारका आक्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या १४ पुगेको छ । उता, बगदादस्थित अमेरिकी दूतावासमा ड्रोन र रकेट आक्रमण हुँदा परिसरभित्र आगलागी भएको बताइएको छ ।

युद्धले अन्तर्राष्ट्रिय आयाम लिँदै जाँदा युक्रेनले पनि आफ्नो भूमिका देखाएको छ । राष्ट्रपति भोलोदिमर जेलेन्स्कीका अनुसार इरानद्वारा डिजाइन गरिएका ड्रोनविरुद्ध सहयोग गर्न २०० भन्दा बढी युक्रेनी विशेषज्ञहरू मध्यपूर्वका विभिन्न देशमा परिचालन गरिएका छन् । इरानभित्र भने सरकारले राष्ट्रव्यापी ¥याली आह्वान गरेपछि विभिन्न सहरहरूमा ठूलो भीड जम्मा भएको छ । फारसी नयाँ वर्ष 'नौरोज' को अवसरमा हुने यस्ता जमघटलाई सरकारले आन्तरिक एकता प्रदर्शनका रूपमा उपयोग गर्न खोजेको देखिन्छ ।

अन्तर्राष्ट्रिय राजनीतिक मतभेद पनि सतहमा आएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले होर्मुज जलडमरूमध्य पुनः सञ्चालनमा सहयोग नगरेको भन्दै नाटो र बेलायतको आलोचना गरेका छन् । बेलायती प्रधानमन्त्री किर स्टार्मरप्रति निराशा व्यक्त गर्दै उनले सहयोगको आवश्यकता नरहेकोसमेत उल्लेख गरेका छन् । यसबिच लेबनानमा मानवीय क्षति बढिरहेको छ । दक्षिणी क्षेत्रमा इजरायली आक्रमणमा तीन सैनिक मारिएका छन् । लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार मार्च २ देखि सुरु भएको द्वन्द्वमा मृत्यु हुनेको सङ्ख्या ९१२ पुगेको छ । यो अघिल्लो दिन ८८६ थियो । समग्रमा, घटनाक्रमहरूले युद्धको दायरा फराकिलो हुँदै गएको र यसको प्रभाव विश्वव्यापी बन्ने सङ्केत प्रष्ट रूपमा देखिएको छ । रासस

# लेखनाथ–दमौली २२० केभी प्रसारण लाइनको शिलान्यास



**काठमाडौँ ।**
नेपाल विद्युत् प्राधिकरणले जर्मनी सरकारको सहकार्यमा लेखनाथ–दमौली २२० केभी प्रसारण लाइन परियोजनाको शिलान्यास गरेको छ । बुधबार तनहुँको दमौली सबस्टेसनमा भएको कार्यक्रममा प्राधिकरणका प्रबन्ध निर्देशक हितेन्द्रदेव शाक्य, नेपालका लागि जर्मन राजदूत उडो भोल्ज, केएफडब्लु विकास बैंकका बङ्गलादेश तथा नेपाल निर्देशक माइकल सुम्सरलगायतका प्रतिनिधिको सहभागिता थियो ।
जर्मनी सरकारको केएफडब्लु विकास बैंकमार्फत सह–वित्तपोषित यस परियोजनाअन्तर्गत करिब ४५ किलोमिटर लामो २२० केभी डबल–सर्किट प्रसारण लाइन निर्माण तथा लेखनाथ र दमौलीमा आधुनिक ‘ग्यास–इन्सुलेटेड सबस्टेसन’ स्थापना गरिने यहाँस्थित जर्मनी दूतावासले जनाएको छ । करिब एक हजार मेगावाट प्रसारण क्षमता भएको यस परियोजनाले क्षेत्रीय विद्युत् सञ्जाललाई सुदृढ बनाउने र तनहुँ जलविद्युत् आयोजनालगायतका जलविद्युत् परियोजनाबाट उत्पादित विद्युत्को प्रभावकारी प्रसारण सुनिश्चित गर्नेछ । साथै, ग्रिडको भरपर्दोपन बढाउँदै नवीकरणीय ऊर्जाको समावेशलाई प्रोत्साहन गर्दै नेपालको दिगो आर्थिक विकास र ऊर्जा सुरक्षामा महत्वपूर्ण योगदान पुऱ्याउनेछ ।
जर्मन राजदूत भोल्जले भने, नेपालको बढ्दो ऊर्जा आवश्यकतालाई पूरा गर्न विश्वसनीय प्रसारण पूर्वाधारको विस्तार अत्यन्त आवश्यक छ । नेपालसँग सहकार्य गर्दै यसको विद्युत् सञ्जाल सुदृढ गर्न र यसको विशाल नवीकरणीय ऊर्जा सम्भावनालाई उपयोग गर्न पाउँदा जर्मनी सरकार गर्व गर्छ । यस्ता परियोजनाले स्वच्छ ऊर्जा घरपरिवार, व्यवसाय र उद्योगसम्म पु¥याउँदै दिगो आर्थिक वृद्धिमा योगदान पु¥याउँन सहयोग विश्वास लिएको छु ।
उक्त परियोजनाले नेपाल–जर्मनीबीचको उन्नत ऊर्जा सहकार्यलाई पनि प्रतिविम्बित गर्दछ । जर्मन वित्तीय सहकार्यले दशकौँदेखि नेपालको ऊर्जा क्षेत्रमा योगदान गर्दै आएको छ, जसको सुरुवात तल्लो र मध्यमस्र्याङ्दी जलविद्युत् परियोजनाबाट भएको थियो । नेपालको विद्युत् प्रणाली विस्तारसँगै सहकार्य प्रसारण पूर्वाधार सुदृढीकरणतर्फ केन्द्रित हुँदै चिलिमे–त्रिशूली प्रसारण लाइन तथा राष्ट्रिय भार प्रशारण केन्द्रमा सहयोग प्रदान गरिएको छ । साथै, घरेलु सौर्यप्रणाली, सौर्य सिँचाइदेखि ग्रिडमा जडित सौर्य परियोजनासम्म सहयोग गर्दै नेपालमा करिब ५५ मेगावाट सौर्य ऊर्जा उत्पादन क्षमतामा योगदान पु¥याइएको छ । आगामी दिनमा जर्मन वित्तीय सहकार्यले विद्युत् वितरण प्रणाली सुदृढीकरणमा अझ ध्यान केन्द्रित गर्नेछ, जसले उपभोक्ता र व्यवसायलाई भरपर्दो विद्युत् आपूर्ति सुनिश्चित गर्ने अपेक्षा गरिएको छ ।
यी भौतिक पूर्वाधार लगानीसँगै ‘जिआइजेड’मार्फत सञ्चालन हुने जर्मन प्राविधिक सहकार्यले नीति, प्रणाली तथा दक्षता विकासमा सहयोग गर्दै विद्युत् पूर्वाधार विस्तारको प्रत्यक्ष लाभ जनतालाई पुग्ने सुनिश्चित गर्दछ । गण्डकी प्रदेशमा यसले पोखरा महानगरपालिकालाई पाँच वर्षीय नगर ऊर्जा योजना निर्माणमा सहयोग पु¥याएको छ, जसले ऊर्जा दक्षता र स्वच्छ ऊर्जाको प्रयोगलाई मार्गदर्शन गर्नेछ । साथै, पोखरा र दमौलीमा दुई वटा विद्युतीय सवारी ‘चार्जिङ स्टेसन’ स्थापना तथा बागलुङका दुई साना जलविद्युत् आयोजनालाई राष्ट्रिय ग्रिडमा समाहित गर्न सहयोग गर्नेछ । लेखनाथ–दमौली प्रसारण लाइनजस्ता पूर्वाधारले विद्युतीय सवारी तथा अन्य न्यून–कार्बन प्रविधिहरूको प्रयोग बढाउन आधार तयार पार्दै नेपाललाई आयातित जीवास्म इन्धनमा निर्भरता घटाउने लक्ष्यमा सहयोग पु¥याउने अपेक्षा गरिएको छ । रासस

# लुम्बिनी प्राविधिक विश्वविद्यालयले पायो स्थायी संरचना



**बाँके ।**
नेपालगञ्जबाट सञ्चालन हुँदै आएको लुम्बिनी प्राविधिक विश्वविद्यालयको केन्द्रीय कार्यालय अब बाँकेको खजुराबाटै सञ्चालन हुने भएको छ । स्थापना भएको झण्डै पाँच वर्षपछि खजुरा गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको १० कट्ठा जग्गासहितको भवन विश्वविद्यालयलाई हस्तान्तरण गरेपछि अब विश्वविद्यालयको प्रशासनिक कामकाज खजुराबाट सञ्चालन हुने भएको हो ।
खजुरा गाउँपालिकाका अध्यक्ष डम्बर विकले विश्वविद्यालयका उपकुलपति प्रा. डा. विनोद ढकाललाई भवन र जग्गाको स्वामित्वसम्बन्धी कागजात बुधबार हस्तान्तरण गरे । गाउँपालिका अध्यक्ष विकले खजुरालाई शैक्षिक र स्वास्थ्यको केन्द्रका रूपमा विकास गर्ने लक्ष्य रहेको बताए । दक्ष प्राविधिक जनशक्ति उत्पादन गरी देशको समृद्धिमा यो विश्वविद्यालय कोशेढुङ्गा सावित हुने उनले विश्वास व्यक्त गरे ।
‘खजुरामा क्यान्सर अस्पताल र कृषि क्याम्पस जस्ता प्रतिष्ठित संस्थालाई स्थानीयले जसरी अपनत्व दिएका छन् । यो विश्वविद्यालयले त्यस्तै माया र साथ पाउनेछ’, उनले भने, ‘विश्वविद्यालयलाई आवश्यक सहयोग र समन्वयका लागि गाउँपालिका सधैँ तत्पर रहेको छ ।’ उपकुलपति प्रा. डा. विनोद ढकालले अब छिट्टै खजुराबाटै विश्वविद्यालयका प्रशासनिक र प्राज्ञिक गतिविधि अगाडि बढ्ने जानकारी दिए । विश्वविद्यालयका रजिष्टार रेगबहादुर भण्डारीले जग्गा प्राप्तिको कानुनी अल्झनका कारण प्रदेश सरकारले विनियोजन गरेको बजेट बर्सेनि फ्रिज हुने गरेको बताए । सुरुमा ९४ बिघा जग्गाको प्रस्ताव गरिए पनि हाल ५० बिघामा झारिएको र सो फाइल सङ्घीय मन्त्रिपरिषद्मा निर्णयको पर्खाइमा रहेको उनले बताए । प्रदेश सरकारले २०७८ सालमा ‘विश्वविद्यालय ऐन’ जारी गरी यसलाई कानुनी रूपमा स्थापित गरेको थियो । खजुरामा भवन प्राप्त भएसँगै अब विश्वविद्यालयको स्थायी उपस्थितिको सुनिश्चितता भएको छ । हाल यो विश्वविद्यालयले नेपालगञ्जमा अस्थायी मुकाम बनाएर प्राविधिक, सूचना प्रविधि र इञ्जिनियरिङका कक्षा सञ्चालन गरिरहेको छ । रासस


मधेश प्रदेश सरकार
उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय
**उद्योग विभाग**
वीरगंज, पर्सा, नेपाल
ईमेलः doind.madeshpradesh@gmail.com

**निःशुल्क सीपमूलक तालिमका लागि आवेदन आह्वान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८२/१२/०५

यस विभागको स्विकृत वार्षिक कार्यक्रम अनुसार चालु आ.व.२०८२/०८३ को लागि सिप प्रदान गर्ने उद्देश्यलेनिःशुल्क सिपमूलकतालिम विकास कार्यक्रम अन्तर्गत तपसिलका तालिम सञ्चालन गरिने भएकोले तालिम लिन ईच्छुक मधेश प्रदेशका (बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा, सप्तरी) जिल्लाहरुमा बसोबास गर्ने निम्न अनुसारका योग्यता पुगेका नेपाली नागरिकहरुमायो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आवेदन फाराम भर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | तालिम कार्यक्रम | समय अवधि | सहभागी संख्या |
|---|---|---|---|
| १ | हाते बैंग/थैलीमा कढाई तालिम | १ महिना | २० जना |
| २ | डल कुशन बनाउने तालिम | १ महिना | २० जना |
| ३. | हाउस वायरिङ्ग तालिम | २ महिना | २० जना |
| ४. | मोटरसाईकल मर्मत तालिम | २ महिना | २० जना |

आवश्यक योग्यता र सर्तहरू:

- मधेश प्रदेशको कुनै पनि जिल्लाको स्थायी बासिन्दा भएको हुनुपर्ने (नेपाली नागरिकता अनिवार्य)।
- उमेर : १६ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको।
- शिक्षाः कम्तीमा कक्षा आठ उतिर्ण गरेको ।
- प्राथमिकताः ग्रामिण बासिन्दा, गरिब, मधेसी, महिला, दलित, जनजाति लाई प्राथमिकता दिनेछ ।
- आवेदन दिने अन्तिम मितिःयो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा।
- आवेदन फाराम अनुसूचि-६ बमोजिमको (यस विभागबाट प्राप्त हुने वा विभागको वेबसाइटः **doind.madhesh.gov.np**बाट डाउनलोड गरिप्राप्त गर्न सकिने)

आवेदन बुझाउने स्थानः उद्योग विभाग, बिरगंज, पर्सा (तालिम शाखा) कार्यालय समयमा आएर दर्ता गराउन सकिने
वा आवेदन फाराम र संलग्न कागजात Pdf file तयार गरियस कार्यालयको
**Email : doind.madeshpradesh@gmail.com** मार्फत आवेदन गर्न सकिने छ ।

- छनोट प्रक्रियाःप्राप्त आवेदनहरूमध्येबाट अन्तर्वार्ताबाटसहभागी प्रशिक्षार्थी छनोट गरिनेछ।छनौट सम्बन्धि सम्पूर्ण अधिकार कार्यालयमा रहनेछ ।
- तालिममा सहभागि प्रशिक्षार्थीलाई खाजाको व्यवस्था गरिनेछ ।
- यस कार्यालयले तोकेको स्थानमातालिम सञ्चालन गरिनेछ ।

द्रष्टव्यः एक व्यक्तिले एक भन्दा बढी तालिममा आवेदन दिन पाउने छैन। रित नपुगी आएका वा म्याद नाघि आएका आवेदनहरू उपर कुनै कारबाही गरिने छैन।थप जानकारीको लागि लागि सम्पर्क नं.९८५५०३००९८, ९८४५१८६०२३


# नारायणगढ–मुग्लिन सडकका ४३ ठाउँ पहिरोको जोखिममा

**चितवन ।**
नारायणगढ–मुग्लिन सडकखण्डका ४३ ठाउँ पहिरोको जोखिममा छन् । सडक डिभिजन कार्यालय भरतपुरले गरेको अध्ययन अनुसार आठ ठाउँ उच्च जोखिममा, २२ ठाउँ जोखिममा र १३ ठाउँ सामान्य जोखिमको अवस्थामा रहेका छन् । कार्यालयले गरेको अध्ययनअनुसार उच्च जोखिम भनिएको तुइन खोला अति उच्च जोखिम रहेको छ । कार्यालयका इन्जिनियर अर्जुन घिमिरेका अनुसार तुइनसँगै काली र नाम्सी खोला उच्च जोखिममा छन् । यस्तै तुइन खोलाबाट चिसेन्जीको बीचको भाग, चार किलोको दुई ठाउँ, मौरी खोला र सेती दोभान पहिरोको उच्च जोखिममा रहेका उनले जानकारी दिए ।
‘तुइन र चिसेन्जीको बीचमा ढुङ्गा झर्ने समस्या छ । तुइन, काली र नाम्सी खोलाको छेउमा पहिरोको उच्च जोखिम छ । चार किलोको दुई ठाउँमध्ये एउटामा पहिरो र अर्कोमा लेदो झर्ने समस्या रहेको छ । मौरी खोला र सेती दोभानमा लेदोसहितको पहिरोको उच्च जोखिम छ’, इञ्जिनियर घिमिरेले भने । साथै १६ किलो, १७ किलो, डुम्रे खोला, सिमलताललगायत ठाउँ जोखिममा रहेका उनले जानकारी दिए ।
गत वर्षदेखि ती ठाउँमा पहिरोको जोखिम थियो । कार्यालयका प्रमुख नारायण लामिछानेका अनुसार तुइन, काली र नाम्सी खोलामा पहिरो रोकथाम गर्न खरिद गुरुयोजना स्वीकृतिका लागि माघ २३ गते सडक विभाग पठाइसकिएको छ । विभागले डिजाइन कार्यसमेत अन्तिम चरणमा पु¥याएको उनले बताए । ती ठाउँमा विपद्मार्फत विनियोजित २५ करोडबाट पहिरो रोकथामको तयारी गरिएको उनले उल्लेख गरे ।
प्रमुख लामिछानेका अनुसार तीबाहेकका अन्य ठाउँमा पहिरो रोकथामका लागि २० करोड बजेट विनियोजन भएको छ । बोलपत्र आह्वानका लागि तयारी गरिएको जनाउँदै उनले नक्सांकन पूरा भएकाले केही दिनमा बोलपत्र आह्वान गरी बर्सातअघि जोखिम रहेका ठाउँमा पहिरो रोकथाम तथा न्यूनीकरणका काम गरिने बताए ।
वर्षा सुरु भएसँगै सडक पहिरोको जोखिममा पर्नसक्ने भएकाले आवश्यक तयारीसमेत कार्यालयले गरेको जनाएको छ । केही वर्षअघि सडक विस्तारका क्रममा भित्तो काटिएको थियो । भित्तो काटिएका र नयाँ ठाउँमा समेत लेदोसहितको पहिरो खस्दा बर्सातको समयमा यस सडकमा समस्या हुने गरेको छ । यही सडक हुँदै दैनिक १० हजारभन्दा बढी सवारीसाधन आवतजावत गर्ने गर्दछन् । राजधानी काठमाडौँका लागि यो सडक लाइफ लाइनका रूपमा लिने गरिन्छ । रासस

# स्वास्थ्य र खेलकुदको सन्देशसहित ‘मिथिला कला’

**काठमाडौं ।**
काठमाडौं कोटेश्वर सरस्वती माध्यमिक विद्यालयका भित्ताहरू अहिले मिथिलाकलाले रङ्गीन बनेका छन् । यहाँका कक्षा ४ र ५ का विद्यार्थीहरूको सिर्जनात्मक प्रयासले विद्यालय परिसरमा नयाँ आकर्षण थपिएको हो । काठमाडौं महानगरपालिका र नेपाल ललितकला प्रज्ञाप्रतिष्ठानको सहकार्यमा सञ्चालित शिक्षामा सीप कार्यक्रमअन्तर्गत ‘बुक–फ्री फ्राइडे’मा सहभागी विद्यार्थीहरूले विशेष भित्तेचित्र कार्यशालामा भाग लिएपछि उनीहरूले यहाँका भित्ता मिथिला कलाले सिङ्गारेका हुन् ।
नौवटा सत्र (प्रत्येक तीन घण्टा) सम्म सञ्चालन गरिएको यस कार्यशालामा विद्यार्थीहरूले पाठ्यपुस्तकको घेराभन्दा बाहिर निस्केर प्राचीन मिथिला चित्रकलाको प्रयोगात्मक अभ्यास गरेका छन् । मिथिला कलाकार सुभद्री सुभाको प्रशिक्षणमा भएको कार्यशालामा विद्यार्थीहरूले ‘हात धुने र खेलकुद’ शीर्षकको अवधारणामा आधारित भित्तेचित्र निर्माण गरेका थिए । कोटेश्वरस्थित सरस्वती माविका यी



रङ्गीन भित्ताहरू अब केवल चित्र मात्र रहेनन्, ती स्वास्थ्य, शिक्षा र कलाका जीवन्त पाठ बनेका छन् । यस भित्तामा स्वच्छता र स्वास्थ्य तथा शारीरिक र मानसिक विकाससम्बन्धी सन्देश दिने खालका विद्यार्थीका सिर्जना समेटिएका छन् ।
हात धुने अभ्यास देखाइएको ठूला आकृतिले दैनिक जीवनमा सरसफाइको महत्वलाई झल्काउँछ भने, शारीरिक र मानसिक विकासअन्तर्गत डोरी खेलिरहेका बालबालिकालाई उतारिएको छ । चित्रमा माछा, कमलको फूल र परम्परागत मिथिला बुट्टाहरूलाई कलात्मक ढङ्गले संयोजन गरिएको छ । जसले आधुनिक स्वास्थ्य सन्देशलाई सांस्कृतिक सौन्दर्यसँग जोडेको छ ।
कलाकार सुभद्री सुभाले भने, ‘सरकारी विद्यालयका साना बालबालिकामा देखिएको उत्साह लोभलाग्दो थियो । उनीहरूले शारीरिक खेलले दिमाग कसरी तेज हुन्छ भन्ने कुरालाई चित्रमा उतार्न निकै रुचि देखाए ।’ उनका अनुसार चित्रलाई समयमै सम्पन्न गर्न विद्यार्थीहरूले निकै मेहनत गरेका थिए । विद्यालयको नियमित समयबाहेक उनीहरू शनिबार र अन्य दिन बिहान ८:०० बजेदेखि १०:०० बजेसम्म स्वस्फूर्त रूपमा सहभागी भएका हुन् ।
विद्यार्थीहरूले बुट्टा भर्ने र रङ लगाउने अधिकांश काम आफैँ गरेका थिए । अन्तिम कलात्मक परिस्करण कलाकार सुभद्रीले गरेका थिए । यो कार्यक्रमले विद्यार्थीहरूको सिर्जनशीलता प्रस्फुटन गर्न र नेपाली सांस्कृतिक सम्पदाको संरक्षण गर्न ठूलो भूमिका खेल्ने विश्वास गरिएको छ । अहिले काठमाडौंका दर्जनौँ स्कुलमा विद्यार्थीहरूलाई चित्रकला, मूर्तिकला र भित्तेकला सिकाइँदै छ । रासस



कंकालिनी मन्दिर परिसरमा कोरिएको मिथिला चित्रकलाः सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका–१ स्थित भारदहमा अवस्थित कंकालिनी भगवती मन्दिर परिसरको अगाडि भागको पर्खालमा कोरिएको मिथिला चित्रकला । तस्बिरः रासस

# आर्थिक गणनाबारे तयारी बैठक सम्पन्न



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
देशको यथार्थ आर्थिक अवस्थाबारे एकिन गर्नका लागि नेपाल सरकारले तथ्याङ्क कार्यालय मार्फत जिल्ला जिल्लामा वैशाख २ गतेबाट आर्थिक गणना गर्न लागेको छ ।

वैशाख २ गतेबाट धनुषा जिल्लामा आर्थिक गणनाको तयारी शुरु भएको हो । जिल्ला आर्थिक गणना समन्वय समितिका अध्यक्ष एवम् प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइँटेलको अध्यक्षतामा सरोकारवालाहरूको बुधबार बसेको समन्वय बैठकले आर्थिक गणनालाई सफल बनाउनका लागि सबै प्रकारको सहयोग गर्ने बताए ।

विभिन्न क्षेत्रका व्यक्तिहरूको सहभागितामा भएको समन्वय बैठकमा बोल्दै धनुषाका प्रमुख जिल्ला अधिकारी लुइँटेलले आर्थिक गणनाका लागि आउने गणकहरूलाई निर्धक्क भएर आर्थिक विषयमा जानकारी दिई देशको यथार्थ आर्थिक अवस्था आउनमा सहयोग गर्नका लागि आग्रह गरे ।

तथ्याङ्क ऐनले नै आर्थिक गणनाका लागि सङ्कलन भएको सबै व्यक्तिगत विवरण गोप्य रहने कानूनी ग्यारेन्टी गरेकाले कुनै कुरा नलुकाईकन आ–आफ्नो आर्थिक गतिविधिका बारेमा विवरण सङ्कलन गर्नका लागि आउने गणक विवरण उपलब्ध गराई दिनका लागि आग्रह पनि प्रमुख जिल्ला अधिकारीले गरे ।

जनकपुरधाम उद्योग वाणिज्य संघका सुरेन्द्र भण्डारीले जनकपुरधाम सहित धनुषा जिल्ला भरिमा हुने आर्थिक गणनालाई सफल बनाउनका लागि सङ्घले पूर्ण रुपमा सहयोग गर्ने बताए । जनकपुरधाम सुनचाँदी व्यवसायी संघका अध्यक्ष पवन ठाकुरले यथार्थ आर्थिक विवरण ल्याउनका लागि व्यापारीहरूलाई विश्वासमा लिनका लागि सुझाव दिए ।

धनुषा जिल्लामा आर्थिक गणना गर्नका लागि ७८ जना गणक तथा ११ जना सुपरभाइजर परिचालन गर्न लागेको बताउँदै आर्थिक गतिविधि गर्ने हरेक क्षेत्रका आर्थिक विषयहरूको सङ्कलन गरिने जिल्ला आर्थिक गणना अधिकारी श्रीनारायण महतोले जानकारी दिए ।

बैठकमा सुरक्षा निकायका प्रमुखहरू, जनकपुरधाम उद्योग वाणिज्य संघ, होटल व्यवसायी संघ, सुनचाँदी व्यवसायी संघ, बस व्यवसायी संघ सहित निकायका प्रमुखहरूको सहभागिता रहेका थिए । नेपालमा यस अघि एक पटक र अहिले दोस्रो पटक आर्थिक गणना हुन लागेको छ ।

# क्याम्पसका प्राध्यापकहरुको माग सम्बोधन गर्न अल्टिमेटम

**मधेशदृष्टि**
**वीरगंज ।**
हरि खेतान क्याम्पस वीरगंजमा कार्यरत शिक्षक तथा प्राध्यापकले विभिन्न माग सम्बोधन गर्न क्याम्पस प्रशासनलाई ज्ञापनपत्र बुझाएका छन् । हरि खेतान प्राध्यापक संघले क्याम्पस प्रमुखसमक्ष बुझाएको ज्ञापनपत्रमा क्याम्पसको शैक्षिक वातावरणलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन विभिन्न १५ बुँदे माग राखिएको छ ।

संघका अध्यक्ष धर्मेन्द्र यादवद्वारा हस्ताक्षरित ज्ञापनपत्रमा हाल लागू रहेको क्याम्पसको विधान खारेज गरी सामुदायिक क्याम्पसको मर्मअनुसार नयाँ विधान लागू गर्न, नवीकरणको प्रक्रिया तत्काल सुरु गर्न तथा विश्वविद्यालय अनुदान आयोगको अनुदानको निरन्तरता कायम गर्न माग गरिएको छ ।

यस्तै, शिक्षक तथा प्राध्यापकहरूको तलबमान र सेवा–सुविधा त्रिभुवन विश्वविद्यालयको मापदण्डअनुसार लागू गर्न, वार्षिक ग्रेड सुविधा लागू गर्न, समयअनुकूल पदोन्नतिको व्यवस्था गर्न तथा सञ्चय कोषको व्यवस्था गर्नुपर्ने माग पनि गरिएको छ । ज्ञापनपत्रमा शिक्षक तथा कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिनुपर्ने, सेवानिवृत्त हुँदा उपदान तथा अन्य सुविधा उपलब्ध गराउनुपर्ने, पैकेज तथा दैनिक ज्यालादारीमा कार्यरत शिक्षक–प्राध्यापकलाई तलबमा रूपान्तरण गर्नुपर्ने लगायतका माग पनि समेटिएका छन् ।

त्यसैगरी, सबै प्राध्यापकको तलबमा समानता कायम गर्न, स्थायी गर्ने व्यवस्था मिलाउन, प्राध्यापकका छोराछोरीको पठनपाठन निःशुल्क गर्न तथा संचित बिरामी बिदाको रकम उपलब्ध गराउन समेत माग गरिएको छ । संघले यी मागहरू चैत ६ गते शुक्रबारसम्म कार्यान्वयन गर्न आग्रह गर्दै अन्यथा चैत ८ गते आइतबारदेखि सम्पूर्ण पठनपाठन बन्द गर्ने चेतावनी दिएको छ ।

ज्ञापनपत्रको बोधार्थ जिल्ला प्रशासन कार्यालय पर्सा, त्रिभुवन विश्वविद्यालयका उपकुलपति, रेक्टर, रजिष्ट्रार कार्यालय तथा विश्वविद्यालयको योजना महाशाखामा समेत पठाइएको संघले जनाएको छ ।

# न्यायप्रणाली लयमा फर्किएको छः प्रधानन्यायाधीश

**नेपालगञ्ज ।**
प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले न्यायिक क्षेत्रमा राम्रो समन्वय भएका कारण न्यायप्रणाली विस्तारै लयमा फर्किएको बताएका छन् ।

उनले बुधबार बाँकेका कानून व्यवसायीसँग छलफल गर्दै न्यायिक सुशासन, जलेका मिसिलको व्यवस्थापन, तथा न्यायालयप्रतिको दृष्टिकोण सुधारलगायत विषयमा आफ्नो धारणा व्यक्त गरे । प्रधानान्यायाधीश राउतले जेनजी आन्दोलनपछि जलेका मिसिलको व्यवस्थापन र न्याय क्षेत्रमा पुनःप्रेरणा प्रदान गर्ने विषयलाई प्राथमिकता दिइएको बताए ।

उनले सर्वोच्च अदालतमा करिब २० हजार मिसिल जलेको अवस्थामा हालसम्म १९ हजार मिसिल कायम गरिसकिएको जानकारी दिँदै मोफसलका अदालतमा जलेका मिसिलको पुनःतयारीका लागि आफूले केन्द्रस्तरबाट महान्यायाधिवक्ताको कार्यालयसँग समन्वय गरिरहेको बताए ।

अदालत राम्रोसँग सञ्चालन भए कानुन व्यवसायी पनि सन्तुष्ट हुने उल्लेख गर्दै प्रधानन्ययाधीश राउतले मिसिल पुनःस्थापना र न्याय सम्पादनमा सहयोग पु¥याउन कानून व्यवसायीलाई आग्रह गरे । उनले अदालत जल्नुमा अदालतलाई हेर्ने नकारात्मक दृष्टिकोणले पनि भूमिका खेलेको हुनसक्ने उल्लेख गर्दै यसको समीक्षा आवश्यक रहेको धारणा राखे ।

बदलिँदो सन्दर्भमा अदालत मात्र होइन, न्यायालयलाई हेर्ने दृष्टिकोण किन नकारात्मक बन्न पुग्यो भन्ने प्रश्नमा गम्भीर हुनुपर्ने उनको भनाइ थियो । प्रधानन्यायाधिश राउतले बदलिँदो परिवेशअनुसार अदालत र कानून व्यवसायी दुवैले आफूलाई समयानुकूल बदल्नुपर्नेमा जोड दिए ।

न्यायिक सुशासनका सवालमा कानुन व्यवसायीले उठाएका जिज्ञासाको सम्बोधन गर्दै प्रधानन्यायाधीश राउतले अदालतसँगै कानून व्यवसायीले पनि आफ्नो वकालतको प्रकृति समयअनुसार रूपान्तरण गर्नुपर्ने बताए । बाँकेका कानून व्यवसायीहरूले अहिलेसम्म मुद्दाका मिसिल कायम नभएका कारण सुनुवाइमा ढिलाइ भएको, बालबालिकासम्बन्धी मुद्दाको सुनुवाइ प्रभावित भएको, तथा न्यायका उपभोक्ताको सहज पहुँचमा समस्या परेको विषय उठाएका थिए ।

कानून व्यवसायी समूहका तर्फबाट अधिवक्ता वसन्त गौतमले सार्वजनिक सरोकारका विषयमा अदालतबाट भएका महत्वपूर्ण फैसलाहरूको सङ्गालो प्रधानन्यायाधीश राउतलाई प्रदान गरेका थिए । यसअघि प्रधानन्यायाधिश राउतले जेनजी आन्दोलनबाट जलेका भवनको निरीक्षणसमेत गरेका थिए । रासस




# गीतकार अशोक दत्त आर्थिक अभावमा स्वास्थोपचारबाट वञ्चित



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मिथिलाका सुप्रसिद्ध गीतकार, संगीतकार र पत्रकार अशोक दत्त पछिल्लो करिब ६ महिनादेखि आर्थिक अभावका कारण नियमित स्वास्थ्य परीक्षण र उपचारबाट वञ्चित छन् । विगत करिब साढे २ वर्षदेखि क्यान्सर रोगबाट पीडित दत्तले चिकित्सकको सल्लाहअनुसार नियमित 'फलोअप' र औषधोपचार गर्न नसक्दा स्वास्थ्य अवस्था जटिल बन्दै गएको छ ।

दत्तले आफ्नो अवस्था सार्वजनिक गर्दै भने, 'जीवनभर गीत–संगीत र पत्रकारितामार्फत समाजलाई केही दिने प्रयास गरेँ, तर आज आफ्नै उपचारकालागि सहयोग माग्नुपर्ने अवस्थामा पुगेको छु । नियमित जाँच र औषधि बिना शरीर दिनप्रतिदिन कमजोर हुँदै गएको महसुस हुन्छ ।'

उनका चिकित्सकहरूले नियमित जाँच र औषधि नपाउँदा अवस्था अझ गम्भीर बन्न सक्ने चेतावनी दिएका छन् । सामान्य स्वास्थ्य परीक्षणसमेत आर्थिक अभावले गर्न नसक्दा औषधि किन्न थप कठिनाइ भइरहेको दत्तले बताएका छन् ।

मिथिलाका सांस्कृतिक अभियन्ता, कलाकार र पत्रकारहरूले दत्तको स्वास्थ्य अवस्थाप्रति चिन्ता व्यक्त गर्दै सहयोगको आह्वान गरेका छन् । कलाकार रितेश पाटलीले भने, 'अशोक दत्त केवल एक व्यक्ति होइनन्, उन मिथिलाको सांगीतिक पहिचानका प्रतिनिधि पात्र हुनुहुन्छ । उन समस्यामा हुनुहुन्छ भने यो सम्पूर्ण समाजको जिम्मेवारी हो ।'

दत्तका परिवारजनले प्रदेश सरकार र सम्बन्धित निकायसँग उनको उपचारमा सहयोग गर्न अनुरोध गरेका छन् । चिकित्सकहरूले समयमै नियमित परीक्षण, औषधि र आवश्यक उपचार सुरु गर्नुपर्ने चेतावनी दिएका छन्, नभए स्वास्थ्य अवस्था थप जटिल बन्न सक्ने बताएका छन् ।

जीवनभर कला र शब्दमार्फत समाजमा योगदान दिएका अशोक दत्त आज आफ्नै जीवन रक्षाका लागि संघर्षरत छन् । उनको उपचारका लागि समयमै सहयोग जुटाउन सके मात्र जीवन रक्षा सम्भव रहेको देखिएको छ ।

# पाँच गुणाले घट्यो डेङ्गु संक्रमण, सावधानी जरुरी

**काठमाडौँ ।**
सरकारले यसवर्ष पनि गर्मीयाम सुरुसँगै डेङ्गुको उच्च जोखिम भएका स्थानीय तहलाई सचेतना कार्यक्रम सञ्चालन गर्न निर्देशन दिएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका किटजन्य रोग शाखाका प्रमुख डा. गोकर्णप्रसाद दाहालले डेङ्गु सङ्क्रमण नियन्त्रण तथा रोकथामका लागि स्थानीय तहलाई सचेतना कार्यक्रम गर्न निर्देशन दिइएको बताए । 'सचेतना कार्यक्रमले डेङ्गु सङ्क्रमण घट्दै गएको पाइएको छ,' उनले भने, 'गर्मी सुरुसँगै डेङ्गु सङ्क्रमण जोखिम रहेका स्थानीय तहलाई सचेतना कार्यक्रम सञ्चालन गर्न निर्देशन दिइसकेका छौँ ।'

**पाँच गुणाले घट्यो सङ्क्रमण**
महाशाखाका अनुसार अघिल्ला वर्षको तुलनामा गतवर्ष डेङ्गु सङ्क्रमण पाँच गुणा घटेको पाइएको छ ।

सन् २०२४ को अनुपातमा सन् २०२५ मा पाँच गुणा डेङ्गु सङ्क्रमण घटेको छ । सन् २०२४ मा ४१ हजार ८ सय ६५ जनामा डेङ्गु सङ्क्रमण देखिएको थियो भने सन् २०२५ मा त्यसको करिब पाँच गुणा कम आठ हजार ५ सय ७६ जनामा डेङ्गु सङ्क्रमण देखिएको थियो ।

शाखा प्रमुख डा. दाहालले सरकारको डेङ्गु सङ्क्रमणविरुद्ध सञ्चालन गरेको अभियानले गर्दा घटेको बताए । 'डेङ्गु सङ्क्रमण फैलिन नदिनका लागि डेङ्गु सार्ने लामखुट्टेको लार्भा नष्ट गर्ने अभियानमा सबैका सहयोग भयो,' उनले भने, 'जसले गर्दा डेङ्गु सङ्क्रमण सार्ने लामखुट्टे फैलिन पाएन र डङ्गु सङ्क्रमण कम भयो ।'

सरकारले प्रत्येक शुक्रबार सरकारी कार्यालयमा डेङ्गु सङ्क्रमण सार्ने लार्भा खोज र नष्ट गरे अभियान सञ्चालन गरेको थियो । शाखाका प्रमुख डा. दाहालले समुदायको पहलमा नै डेङ्गु सङ्क्रमण नियन्त्रण तथा रोकथाम गर्न सकिएको बताए । उनले प्रत्येक वर्ष डेङ्गु सङ्क्रमण कम हुँदै गएको बताए ।

उनका अनुसार सन् २०२३ मा ५२ हजार ७ सय ९० जना, सन् २०२२ मा ५४ हजार ७ सय ८४ जनामा डङ्गु सङ्क्रमण देखिएको थियो । यस्तै गत असारदेखि भदौसम्म एक हजार युवा परिचालन गरेर डङ्गु सार्ने लामखुट्टे नियन्त्रण र जनस्तरमा सचेतना कार्यक्रम सञ्चालन गरेको थियो ।

यसवर्ष पनि गर्मीयाम सुरुसँगै डङ्गुको उच्च जोखिम भएका स्थानीय तहलाई सचेतना कार्यक्रम सञ्चालन गर्न निर्देशन दिइसकेको उनले जानकारी दिए । पानी जम्ने सफा ठाउँमा एडिज एजिप्टी र एडिस एल्बोपिक्टस प्रजातिको लामखुट्टेले फुल पार्दछ । ती फूलबाट लार्भा निस्कन्छ । त्यही लार्भा वयस्क भएर मानिसलाई टोकेपछि डेङ्गु रोग लाग्दछ । रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन